जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com





वर्ष २५ •अंक ६१ • २०८० साल साउन ४ गते बिहिबार (20 July, Thursday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-


## एयरपोर्टबाट ५० किलो बढी सुन बरामद



**टुडे समाचारदाता**

काठमाण्डु । त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलबाट बुधबार राति भारी परिमाणमा सुन बरामद भएको छ ।

स्कुटरको ब्रेक सु मा लुकाएर लग्दै गरेको सूचना प्रहरीले पाएपछि कारबाही थालिएको बताइएको छ ।

अबेर रातिसम्म अपरेसन चलिरहेकाले बरामद भएको सूनको यकिन हुन सकेको छैन् । तर १ सय किलोको हाराहारिमा सुन नियन्त्रणमा आएको उनले बताए ।

५० किलोभन्दा बढी रहेको सुनको सम्पूर्ण जाँच प्रक्रिया पूरा भइनसकेको अधिकारीहरुले जनाएका छन् ।

स्कुटरको ब्रेक सुमा लुकाएर सुन ल्याएको सूचनाका आधारमा राजश्व अनुसन्धान विभागको टोलीले छापा हानेको हो । राजस्व विभागका महानिर्देशक नवराज ढुंगानाले सुन बरामद भएको पुष्टि गर्दै उनले भने, सुनको तौल भइनसकेकोले यकिन भन्न गाह्रो भए पनि ८० किलोदेखि १ क्विन्टल सम्मको सुन हुन सक्ने छ ।

यसक्रममा केही व्यक्तिलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।

हंगकंगबाट अवैध रुपमा सुन आएको सूचनाको आधारमा राजस्व र प्रहरीले संयुक्त रुपमा छापा मारेको थियो । विमान स्थलको कार्गो गोदाममा छापा हानेर संयुक्त टोलीले झण्डै १ सय किलो सुन बरामद भएको छ ।

'क्याथे प्यासिफिकको प्लाइटमार्फत आएको सुन झण्डै १ सय किलोको हाराहारीमा रहेको छ । हामी अहिले अपरेशनमै छौं', उनले भने ।

सुन कसको हो भन्नेबारे खुल्न सकेको छैन भने यसबारे अनुसन्धान भइरहेको बताइएको छ ।

बरामद भएको सुन हालसम्मकै तस्करीको अवैध सुनमध्येकै सर्वाधिक भएको बताइएको छ ।

# इन्जिनियरमाथि लाठी चार्ज

## निषेधित क्षेत्रमा प्रदर्शन, लोसेआ खारेजीको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल इन्जिनियर्स एशोसिएशन मधेश प्रदेशले निषेधित क्षेत्रमा प्रदर्शन गर्दा प्रहरीले लाठी चार्ज गरेको छ ।

मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसर भित्र प्रवेश गरी बुधबार इन्जिनियरहरुले प्रदर्शन गरेका छन् । उनीहरुले ६१ औं इन्जिनियर दिवसका अवसरमा आफ्ना मागहरु प्रति ध्यानाकर्षण गराउन प्रदर्शन गरेका थिए ।

मधेश प्रदेशका निवर्तमान मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारद्वारा मिल्सएरियादेखि मधेश भवन तर्फ जाने रेलवे क्रसिंगदेखि मधेश भवनको पश्चिमतर्फको सीमासम्म र त्यसको उत्तर, पूर्व समेतको चारकिल्लालाई निषेधित क्षेत्र घोषणा गरिएको छ ।

मधेश भवन परिसरको चारैतर्फको सडकमा विरोध प्रदर्शन, आन्दोलन गर्न निषेध गरिएपनि इन्जिनियरहरुले मधेश भवन परिसरमा प्रवेश गरी नाराबाजी गर्दा प्रहरीले लाठीचार्ज गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

तर, इन्जिनियरर्स एशोसिएशनका पदाधिकारीहरुले मुख्यमन्त्री कार्यालयमै पुगेर प्रदर्शन गरेका थिए । उनीहरुले मुख्यमन्त्री सरोज कुमार यादवको राजीनामा माग्दै नाराबाजी गरेका थिए । सुरुमा मुख्यमन्त्री कार्यालय अगाडि रेलवे ट्र्याक भन्दा तल प्रदर्शनकारीहरुले प्रहरी कम हुँदा बल प्रयोग गरी कार्यालयभित्र प्रवेश गरेका थिए ।

मुख्यमन्त्री सरोज कुमार यादव प्रदेश बाहिर रहेको बेला उनको कार्यालय परिसरमा प्रवेश गरी इन्जिनियरहरुले निषेधित क्षेत्रको उल्लंघन गरेका छन् ।

त्यसपछि प्रहरीहरुले बल प्रयोग गर्दै उनीहरुलाई निकालेका थिए । विभिन्न 'प्ले कार्ड'सहित प्रदर्शन र चर्को नारावाजी गरेपछि ठूलो संख्यामा प्रहरी पुगेर उनीहरुलाई बाहिर निकालेका थिए ।




प्रदर्शन गर्न पुगेका इन्जिनियर र प्रहरीबीच धक्कामुक्की समेत भएको थियो । प्रहरीले प्रदर्शनलाई थप उग्र हुन नदिन लाठी चार्जसमेत गरेका थिए ।

प्रदर्शनकारीहरुलाई निषेधित क्षेत्र बाहिर सामान्य बल प्रयोग गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी वेदप्रसाद गौतमले जनाए ।

'इन्जिनियरहरुले निषेधित क्षेत्रमा प्रदर्शन गर्न हुँदैन्थ्यो' उनले भने, प्रवुद्ध वर्गले नै कानुन हातमा लिएपछि केही बेर समस्या भएको थियो ।

कलकारखानामा स्वदेशी इन्जिनियरलाई नियुक्त गर्नुपर्ने, विदेश पलायन रोक्नुपर्ने, इन्जिनियरिङ स्टाफ कलेज स्थापना गर्नुपर्ने, सेवाकालीन तालिमको व्यवस्था गर्नुपर्ने, स्तरवृद्धि गर्नुपर्ने, न्यूनतम सातौं तह कायम गर्नुपर्ने लगायतका माग इन्जिनियरहरुले राखेका छन् ।

नेपाल इन्जिनियर्स एशोसिएसन मधेश प्रदेशले तत्कालीन मुख्यमन्त्री लालबाबु राउत र वर्तमान मुख्यमन्त्री यादवलाई समेत पटक-पटक माग पूरा गर्न ध्यानाकर्षण गराएको दाबी गरेका छन् ।

मधेश सरकारले आफूहरुको माग पूरा गर्न चासो नदेखाएपछि बाध्य भएर आन्दोलन गर्नुपरेको इन्जिनियर सतिश यादवले बताए ।

शान्तिपूर्ण ढंगले प्रदर्शन गरिरहेको बेला प्रहरीले लाठीचार्ज गरेको यादवको कथन छ ।'माग राखेर शान्तिपूर्ण रुपमा संस्थागत विरोध प्रदर्शन गर्दा प्रहरीले लाठीचार्ज गर्नु गलत हो' उनले भने, हाम्रो माग सम्बोधन नभए अझै सशक्त आन्दोलनमा उत्रिन बाध्य हुने छौ ।

मधेश सरकारको प्रदेश लोकसेवा आयोग छ । तर इन्जिनियरका लागि अहिलेसम्म विज्ञापन गरेका छैनन् । विज्ञापन नगरेकाले इन्जिनियरले प्रदर्शनका क्रममा 'प्रदेश लोकसेवा आयोग खारेज गर कि विज्ञापन गर' नारासमेत लगाएका थिए ।

मधेश प्रदेशसहित नेपालमा बेरोजगार इन्जिनियरहरुको संख्या अत्यधिक रहेको छ । स्वदेशमा काम नपाएर केही विदेशिएको बताइन्छ ।

देशमा निजी क्षेत्रले स्वदेशी इन्जिनियरहरुलाई प्राथमिकतामा नराखेको कारण पनि बेरोजगारको संख्या बढेको छ । मधेशमा इन्जिनियरको खाँचो रहे पनि पदपूर्ति गर्न सरकारले चासो नदेखाएको उनीहरुको आरोप छ ।

इन्जिनियरहरुको मागलाई सरकारले गम्भीरतापूर्वक लिएको उल्लेख गर्दै खानेपानी, उर्जा तथा सिँचाइ मन्त्री सिंहासन सा कलवारले बताए ।

'मधेश प्रदेश सरकारले चाहेर पनि कतिपय कामहरु गर्न सकेका छैन्' उनले भने, प्रदेशमा इन्जिनियरहरुको व्यापक अभाव भए पनि पदपूर्ति हुनसकेको छैन् ।सरकारले आवश्यक प्रक्रिया पूरा गरी भर्ना लिने उनले जनाए । निजी क्षेत्रलाई पनि आफ्ना प्रदेशका प्राविधिकहरुलाई अवसर दिन सरकारले वातावरण बनाउने मन्त्री कलवारले जनाए ।

मधेश प्रदेशको लोकसेवा आयोगको गति सुस्त रहेको छ । लोकसेवा आयोग स्थापना भएको झण्डै चार वर्ष हुन लाग्दा पनि प्रदेशमा कर्मचारीको भर्ना प्रक्रियालाई व्यवस्थित गर्न सकेको छैन् । पालिकाहरुले आयोगलाई वेवास्ता गर्दै आएको छ ।


# इन्जिनियरमाथि दुर्व्यवहार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको पर्यटन विकास कार्यालयका इन्जिनियर युनिस राइनमाथि कार्यालयमै बुधबार दुर्व्यवहार गरिएको छ । निर्माण व्यवसायीहरुले उनलाई कार्यालयमै दुर्व्यवहार गरेका छन् ।

कमिशन नदिँदा भुक्तानी नगरेको आरोप लगाउँदै निर्माण व्यवसायीहरुले दुर्व्यवहार गरेको बताइएको छ । कार्यालयमै निर्माण व्यवसायीहरुले हातपात तथा दुर्व्यवहार गरेको प्रत्यक्षदर्शी सेवाग्राही रामकेवल यादवले बताए । उनका अनुसार इन्जिनियरमाथि दुई/तीन झापड प्रहारसमेत भएको छ । तर, सार्वजनिक भएको भिडियोमा उनलाई दुर्व्यवहार मात्रै भएको देखिन्छ ।

एक निर्माण व्यवसायीले इन्जिनियर युनिसको खल्तीमा हात हालेर जवर्जस्ती कागजात निकालेको देखिन्छ । उनले रोक्ने प्रयास गरे पनि चर्को स्वरमा बोल्दै निर्माण व्यवसायीले उनको सर्टको गोजीबाट कागजात निकाले । उनले रोक्ने प्रयास पनि गरेका छन् । तर, ती निर्माण व्यवसायीले उनको गोजीबाट कागजात निकाल्दै 'हेर्नुस् कमिशन लिएको बैंकका भौचरहरु' भनको



सुनिन्छ/देखिन्छ ।

त्यसपछि फेरि ती निर्माण व्यवसायीले इन्जिनियर राइनलाई पाखुरा समाते । 'कमिशनको कारणले यिनले फाइल रोके । तिमी चेक ल्याउ नभए एसपी अफिस् हिड्,'निर्माण व्यवसायीले भनेका थिए । त्यसपछि इन्जिनियरले सानो स्वरमा 'यो अफिसको काम हो, अफिसमा छलफल गर्नुस्' भनेका छन् ।

कमिशनको लागि फाइल रोकेको ती निर्माण व्यवसायीले पटक-पटक दोहर्‍याएका छन् । तर, दुर्व्यवहार भएको इन्जिनियर राइन र कार्यालयका प्रमुख मिन भट्टराईले केही नभएको जनाउँदै सामान्य हो-हल्ला मात्रै भएको दावी गरे ।

समयमा काम नगरी आर्थिक मसान्त वितिसकेपछि भुक्तानीका लागि दबाब दिने प्रवृति मधेश प्रदेशमा निकै बढेको बताइन्छ ।

समयमै काम सम्पन्न गरी भुक्तानीका लागि आएका सबैको बिल भुक्तान भएको इन्जिनियर राइनले बताए ।

'समय भित्र कार्य सम्पन्न भएका योजनाहरुको बिल भुक्तानी भइसकेका छन्' उनले भने, निर्माण काम सम्पन्न भइसकेपछि प्राविधिकले नापजाँच गरी भुक्तानीका लागि बिल बनाउन समय लाग्छ ।

गत आर्थिक वर्षमा पर्यटन कार्यालयको ३४ वटा योजनाको भुक्तानी हुन सकेन् । कार्यालयका प्रमुख भटट्राईका अनुसार ३ सय ६१ मध्ये ३४ वटा भुक्तानीको फाइल रोकिएको बताए । समयमा फाइल नआउँदा ३४ योजनाको झण्डै ३ करोड रुपैयाँ भुक्तानी हुन नसकेको उनको भनाइ छ । भुक्तानीको लागि भने प्रक्रिया थालिएको उनले बताए ।

यता निर्माणव्यवसायीले सम्पन्न भइसकेको योजनाको फाइल असार २० गते अघि नै बुझाए पनि कमिशनका लागि इन्जिनियर राइनले रोकेको सेवाग्राहीको गुनासो छ ।

हरेक योजना सम्झौता पूर्व नै केही निर्माण व्यवसायीबाट १० प्रतिशत र भुक्तानी गर्नेबेलासम्म ३० प्रतिशतसम्म कमिशन कर्मचारीले बुझेको सेवाग्राहीहरुको आरोप छ ।

कार्यालयमै इन्जिनियर राइनमाथि दुर्व्यवहार प्रयास भए पनि उनले प्रहरीलाई जानकारी गराएका छैन् । यस विषयमा धनुषाका प्रहरी नायव उपरीक्षक वेद प्रसाद गौतमले कुनै जानकारी नआएको बताए ।

प्रदेश सभाले योजना छनोट, रकमानन्तर सशर्त अनुदानलगायतका विकास योजनाहरुको छानबिनका लागि उच्चस्तरीय संसदीय छानबिन समिति बनाएको छ । समयमा भुक्तानी नहुँदा अर्को आर्थिक वर्षमा बजेटमै रकम विनियोजन गरी पुरानो भुक्तानी हुँदै आएको छ ।


SEE/SLC पछि Dental Science मा
भर्ना खुल्यो
नेपाल डेन्टल हस्पिटल एण्ड टेक्निकल रिर्सच इन्सिच्युट प्रा.लि.
जनकपुरधाम-७, धनुषा
CTEVT बाट सम्बन्धन प्राप्त विश्वविद्यालयहरुबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हॉस्पिटल एण्ड टेक्निकल रिसर्च ईन्सिच्युट प्रा.लि.मा शैक्षिक सत्र २०८०/८१ मा
Certificate in Dental Science (Dental Hygienist)
(३ वर्ष) कोर्षमा भर्ना खुल्यो ।
फाराम भर्ने अन्तिम मिति : २०८०/०४/१२
प्रवेश परीक्षा मिति : २०८०/०४/२४ बिहान ८:०० बजे



विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हॉस्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851



clear tv
SIM TV अब हर घर डिजिटल
MAX DIGITAL TV
NET TV DRIVEN BY INNOVATION
mero TV
Ch-44 Ch-146 Ch-48
टि भि टुडे जनकपुर घर घर सेट अप बक्समा TV TODAY Janakpur

# वेपत्ता नाबालिक छोरी पत्ता लगाइ दिन आग्रह

टुडे समाचारदाता

राजविराज । सप्तरीको महादेवा गाउँपालिका -१ पकरीकी १३ वर्षीया आरुसी ठाकुर घरबाट निस्केको ४ औं दिनसम्म पनि फर्केकी छैनन् ।

सम्पर्कविहीन भएको बुधबार चौथो दिन पुगिसक्दा पनि उनको अवस्था अज्ञात छ ।

पकरीस्थित नरबहादुर थापा जनता माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्यनरत उनी आइतबार बिहान ८ बजेदेखि वेपत्ता छन् ।

उनका बुवा भरत ठाकुरको पाँच वर्ष अघि नै निधन भइसकेको छ । आमा जानकी भने बैदेशिक रोजगारीको सिलसिलामा हाल कुवेतमा छन् ।

कुवेतबाटै उनले संचारकर्मीहरुलाई फोन गरेर छोरीको अवस्था पत्ता लगाउने कार्यमा पहल गरिदिन आग्रह गरेकी छन् ।



शनिबार राति ९ बजेतिर छोरीले बोक्ने ९८१४७७८५७० नम्बरको मोबाइलबाट अन्तिम पटक कुरा भएको र त्यसपछि स्विचअफ भएको उनले सुनाइन् ।

"विद्यालयमा भोलिदेखि गर्मी विदा छ, भोलि टोलकै दिदीहरुसँग जनकपुरस्थित भाटभटेनी घुम्ने योजना बनाएकी छु" भनी छोरीले सोधेको तर, आफूले अनुमति नदिएको जानकीले सुनाइन् ।

नजिकैको बजार जाँदा त छोरीले फोन गरेर अनुमति मागेर मात्र जान्थे जानकीले भनिन्, "मेरो कुरा कहिल्यै नकाट्ने छोरी अनुमति बगैर त्यत्रो टाढा जनकपुर जाने त कुरै भएन् ।"

आरुसी जानकीकी एक्ली सन्तान रहेकी छन् । घरको आर्थिक अवस्था कमजोर भएको तथा श्रीमानको निधनपछि जीवनयापन धौं धौं भएपछि विदेशिनु परेको जानकीले सुनाइन् ।

छोरीको रेखदेख गर्ने कोही नभएकाले उनले आरुसीलाई हजुर बुवाको जिम्मा दिइ केही समयअघि मात्र कुवेत पुगेकी थिइन् । हजुर बुवा प्रेम कुवरले केही काम छ भन्दै आइतबार बिहान ८ बजेतिर निस्केको आरुसी साँझ अबेरसम्म नफर्केपछि चिन्तामा डुबेको बताए ।

भोलिपल्ट एकाबिहान उठेर आरुसीका सहपाठी, छरछिमेक तथा चिनजानका सबैमा जानकारी गराइ खोजतलास गर्दा पनि फेला पार्न नसकेको उनको भनाइ छ ।

जनकपुर पनि नगएको र उनको सहपाठी तथा नजिकका आफन्त पर्ने सबै गाउँटोलमै रहेकाले छोरीको अपहरण भएको हुन सक्ने आमा जानकीले आशंका व्यक्त गर्दै स्थानीय प्रशासनलगायतका सरोकारवालामा खोजी गरिदिन अपिल गरेकी छन् ।

छोरीकै खुशी र उज्ववल भविष्यका लागि रोजगारी खोज्दै विदेशी भूमिमा पुगेको केही समय नबित्दै वेपत्ता भएको खबरले छाङ्गाबाट खसे जस्तै बनेको बताउँदै जानकीले भनिन्, "उनका साथी, आफन्त र चिनजान भएका ठाउ सबैतिर खोज्न लगाएका छौं, तर कुनै पत्तो लागेको छैन् ।" आरुसीले प्रयोग गर्ने मोबाइलको प्राविधिक पक्षबाट पनि अनुसन्धान गर्न उनले प्रहरीसँग आग्रह गरेकी छन् ।

आरुसीका परिवार, आफन्त र साथीभाइसमेत फोटो बोकेर सम्भावित स्थानहरुमा खोजीमा जुटेका छन् । परिवारले प्रहरी चौकी पकरीमासमेत उजुरी गरिसकेका छन् ।

घटनाको अनुसन्धान गरिरहेका पकरी प्रहरी चौकीका असइ जयकिशोर साहले नाबालिक आरुसीको पत्ता लगाउन प्रहरीले कुनै कसर बाँकी नराखेको जानकारी गराए ।

"आरुसीको हुलियाँसहितको सम्पूर्ण विवरण देशैभरका प्रहरी कार्यालयमा पठाइसकिएको छ, उनले भने, यसका साथै आरुसीको विगतको इतिहास, परिवारिक र आर्थिक अवस्थालगायतका विभिन्न कोणबाटसमेत घटनाको अनुसन्धान भइरहेको छ ।"

# निलम्वनको माग गर्दै ज्ञापनपत्र

सिकेन्द्र पासवान

बारा । नेपाली कांग्रेसका जिल्ला सचिव भैयाराम यादव र नेकपा एसका जिल्ला उपसचिव ध्रुव यादवलाई प्रहरीले गरेको कुटपिटको विरोधमा नेकपा एसले विरोध गरेको छ ।

कानुनी राज्यमा प्रहरीले मुस्कानसहितको सेवा दिनुपर्ने ठाँउमा नागरिकको बोल्न पाउने अधिकारको कुन्ठित गर्दै कुटपिट गर्नु मानव अधिकारको ठाडो उल्लंघन भएको हाम्रो ठहर रहेको विज्ञप्तिमा भनिएको छ ।

जिम्मेवार नेताहरुलाई गैर जिम्मेवारीपनमा निर्घात कुटपिट गर्नु विधिको शासन, कानुनी राज्यको उपहास गरेको हुँदा जिल्ला प्रहरी कार्यालयमा सर्व सधारण नागरिकमाथि लाठी वर्षाउने डिएसी पुरुषोत्तम सिंह पाण्डेय र प्रहरी निरीक्षक रुपेश साहसहित संलग्न दोषी प्रहरीलाई कडा कारबाहीको माग गरिएको छ ।

नेकपा एसका जिल्ला सचिव विक्रम ठाकुरद्वारा जारी विज्ञप्तिमा सो माग गरिएको छ ।

आइतबार पनि जिल्ला प्रहरी कार्यालयमा सेवा लिन गएको व्यक्तिहरु माथि प्रहरीले लाठी चार्ज गरी निर्दोष व्यक्तिहरुलाई कुटपिट गरी घाइते बनाएको घटनाले पनि जिल्लावासीलाई दुखित बनाएको नेपाली कांग्रेसका जिल्ला उपसभापति मनोज भट्टले बताए ।



बाराको रौहाही, पर्साको वीरगञ्जका व्यक्तिहरुबीच सवारी दुर्घटनाको विषयमा दुबै पक्षबीच छलफल भइरहेको बेला प्रहरी निरीक्षक रुपेश साहले नेताहरुलाई गाली गर्दा यसो किन भन्नुभयो भने प्रश्न गर्दा भैयारामको पछाडि पट्टी सादा पोसाकमा उभिरहेको डिएसपी पाण्डेयले कपाल समाति सचिव भैयारामलाई दुई मुका प्रहारसंगै फोहोर शब्द प्रयोग गर्दै कुटन आदेश दिएपछि प्रहरी निरीक्षक साह,अन्य प्रहरीहरुले कुटदै घिसारिदै कन्ट्रोलसम्म ल्याइ १० देखि १५ जना प्रहरी आएर निर्घात कुटपिट गरेको बताइएको छ । सोही सम्बन्धमा प्रशासनको ध्यानाकषर्ण ज्ञापनपत्र बुझाइएको छ ।

पत्र बुझाउनेमा नेपाली कांग्रेसका मधेश प्रदेशका सहमहामन्त्री जयनारायण यादव, निवर्तमान जिल्ला सभापति जयचन्द्र चौरसिया, उपसभापति मनोज भट्ट, सचिव राजेश रौनियार, सहसचिव प्रमोद यादव, महागढीमाइ नगरपालिकाका मेयर उपेन्द्र यादव,नेकपा एसका पोलिट व्यूरो सदस्य दिनेश राइ , संविधान सभाका सदस्य रामचन्द्र प्यासी, जिल्ला अध्यक्ष बिजेन्द्र चौधरी, जिल्ला सचिव बिक्रम ठाकुर, कलैया उपमहानगरपालिकाका अध्यक्ष अरुण खनाल रहेका थिए ।

यसअघि, नेपाली कांग्रेस पार्टी कार्यालयबाट निकालिएको विरोध जुलुस नगरको विभिन्न भागमा परिक्रमा पश्चात जिल्ला प्रशासन कार्यालय अगाडि नारावाजीसमेत गरेको थियो ।

# साना किसान कृषि सहकारीको स्थापना दिवस

रञ्जन यादव

कलैया । साना किसान कृषि सहकारी सिमराको आठौँ स्थापना दिवस सिमरामा मनाइएको छ ।

स्थापना दिवस कार्यक्रमको उद्घाटनमा जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलले गरेका छन् ।

चार हजार ७ सय शेयर पुँजीबाट कारोवार सुरु गरेको संस्थाको शेयर लगानी १ करोड ६६ लाख, ३ हजार ६ सय ७० रुपैयाँ, बचत ३ करोड ६३ लाख ९ सय ६५ रुपैयाँ र ऋण लगानी १५ करोड ९० लाख ३ रुपैयाँ रहेको संस्थाका लेखा संयोजक किशोर शर्माले जानकारी दिए । संस्थाले आफ्ना शेयर सदस्यहरुलाई गरेको ऋण लगानीमध्ये यस वर्ष १० प्रतिशत मात्र उठ्न बाँकी रहेको संस्थाका अध्यक्ष कमलाकुमारी रिमालले बताए ।




# वीरगञ्जस्थित दुवै भन्सार कार्यालयको राजस्व सङ्कलन घट्यो

वीरगञ्ज । पर्साको वरिगञ्जस्थित दुवै भन्सार कार्यालयले आर्थिक वर्ष २०७९/८० मा लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न सकेनन् । वीरगञ्ज भन्सार कार्यालयले आर्थिक वर्ष २०७९/८० मा लक्ष्यको ६० प्रतिशत र सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले ६२ प्रतिशत मात्र राजस्व सङ्कलन गरेका छन् ।

आर्थिक वर्ष २०७९/८० मा रु दुई खर्ब ६० अर्ब ९७ करोड दुई लाख आठ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा लक्ष्यको ६० दशमलव २० प्रतिशत अर्थात् रु एक खर्ब ५७ अबै आठ करोड मात्र राजस्व सङ्कलन भएको वीरगञ्ज भन्सार कार्यालयका प्रमुख डिलाराम पन्थीले जानकारी दिनुभयो । यो अघिल्लो दुई आर्थिक वर्षको भन्दा कम राजस्व सङ्कलन भएको हो ।

सो भन्सार कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा लक्ष्यको ९३ प्रतिशत र आर्थिक वर्ष २०७७/७८ मा लक्ष्यको ९७ प्रतिशत राजस्व सङ्कलन गरेको थियो । आव २०७९/८० मा लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसक्नुमा आर्थिक तरलता प्रमुख कारक रहेको वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत ढकालको भनाइ छ ।

विश्वव्यापीरूपमा देखिएको आर्थिक मन्दी, पेट्रोलियम पदार्थ, नयाँ सवारीसाधन र औद्योगिक कच्चापदार्थको आयातमा आएको कमीले राजस्व सङ्कलन घटेको कार्यालय प्रमुख पन्थीले बताउनुभयो।

यस्तै पर्साको सिर्सिया सुक्खा बन्दगाह भन्सार कार्यालयले पनि आर्थिक वर्ष २०७९/८० मा लक्ष्यको ६२ दशमलव ८८ प्रतिशत मात्र राजस्व सङ्कलन गर्न सकेको छ । आर्थिक वर्ष २०७९/८० मा रु ६७ अर्ब ४३ करोड ८६ लाख ९४ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रु ४२ अर्ब ४० करोड २२ लाख ९२ हजार मात्र राजस्व सङ्कलन भएको सिर्सिया सुक्खा बन्दगाह भन्सार कार्यालय प्रमुख रामप्रसाद मैनालीले जानकारी दिनुभयो ।

सो भन्सारले अघिल्लो आव २०७८/७९ मा लक्ष्यको ९४ दशमलव ९८ प्रतिशत राजस्व सङ्कलन गरेको थियो । रासस

> वीरगञ्ज भन्सार कार्यालयले आर्थिक वर्ष २०७९/८० मा लक्ष्यको ६० प्रतिशत र सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले ६२ प्रतिशत मात्र राजस्व सङ्कलन गरेका छन् ।

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जनकपुरधाम उपमहानगरपालिका, रजौल, जनता माध्यमिक विद्यालयको छेउमा Parking बाट मिति २०८०/३/३१ गते करिब बिहान १०:१५ बजे बागमती प्रदेश ०२-०३७ प ७७१३ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DKXNK35149 चेचिस नम्बर MD2A13EX4NCK80837 को बजाज कम्पनीको Pulser 220 cc F हुलास फिन सभ लि.को नाउँमा दर्ता रहोको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः मुकेश कुमार दास**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-१४**
**मो. नं. ९८१९८७२५२९**

# अतिक्रमण गरी बनाइएका टहरा हटाइयो

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको नेपाल-भारत सीमा क्षेत्र दशगजामा वर्षौंदेखि अतिक्रमण गरेर बनाइएको घर, टहरा र पसल हटाइएको छ । दशगजा (नो म्यान्स ल्यान्ड) क्षेत्रमा नेपाल र भारत दुबैतर्फका नागरिकले अतिक्रमण गरी घर निर्माण गर्ने, घुम्ती पसल राख्दै आएका थिए ।

नेपालतर्फका सशस्त्र प्रहरी बल र भारततर्फका सीमा सुरक्षा बल (एसएसबी) को संयुक्त प्रयासबाट भारतको बिहारसँग जोडिएको सीमामा लामो समयदेखि भइरहेको अतिक्रमण हटाइएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए ।

"स्थानीय प्रशासनको नेतृत्वले समन्वय र व्यवस्थापकीय क्षमता प्रयोग गरेर दशगजाको अतिक्रमण खाली गराएको हो" प्रमुख जिल्ला अधिकारी यादवले भने,"मुख्य अतिक्रमण खाली भइसकेको छ । अरु पनि साना कहींकतै अतिक्रमण देखियो र हाम्रो सूचनामा आयो भने भारतीय पक्षसँग समन्वय गरेर खाली गराउने अभियानमा छौं ।" दुबैतर्फका सुरक्षाकर्मी मिलेर दशगजा क्षेत्रमा रहेका ४१ वटा घर, टहरा र पसल हटाएका छन् ।



सबैभन्दा धेरै विष्णु गाउँपालिका -५ फेन्हरा तथा भारततर्फ जिल्ला सितामढी बगाहा ग्रामपञ्चायत २ मा पर्ने दशगजा क्षेत्रमा मात्रै २८ वटा घर, टहरा र चिया पसल हटाइएको छ ।

फेन्हराको यो नाकामा यसअघि नेपाल र भारत दुबैतर्फका नागरिकले दशगजा क्षेत्र कब्जा गरेर सीमा छुट्याउने 'पिल्लर' मै खुलेयाम रुपमा आवास तथा बजार लगाउने गरेका थिए ।

यस्तै, मुख्य अतिक्रमणकै क्षेत्रमा रहेको ब्रह्मपुरी गाउँपालिका -४ त्रिभुवननगर सेखटोल र भारततर्फ जिल्ला सितामढी सोनवर्षा ग्रामपञ्चायत -८, सोनवर्षामा आठ वटा घर तथा पसल हटाइएको छ । यहाँ सीमा क्षेत्र अतिक्रमण गरी दशगजाको पिल्लर पार गरेर त्रिभुवन नगरको पुलछेउसम्म आएर भारतीयले टहरा बनाउने, पसल थाप्ने गरिरहेका थिए ।

अहिले त्यो अतिक्रमण हटाएर दुबैतर्फका सुरक्षाकर्मीले आफ्नो सीमा क्षेत्रमा बसेर डिउटी गरिरहेका छन् । त्यस्तै, बलरा नगरपालिका -५, अर्नाहा र भारततर्फ जिल्ला सितामढी सिजुवा ग्रामपञ्चायत ३ बेलवामा चार वटा घर टहरा तथा गोडैता नगरपालिका -१२, मधुवनी र भारततर्फ जिल्ला सितामढी बहेरा ग्रामपञ्चायत -६, नन्कारमा दशगजामै बनाइएको एउटा घर हटाइएको छ ।

गोडैता नगरपालिका -१२, मधुवनीका अभिताप कुशवाहाले दशगजाको अतिक्रमण खाली हुँदा खुसी लागेको बताए । "दशगजाको अतिक्रमण हटाउनु राम्रो हो, अब यहाँ दुबै देश मिलेर जग्गा नापचाँज गरी स्पष्टसँग यो नेपाल र यो भारत भनेर छुट्याउन जरुरी छ," कुशवाशाहले भने, "त्यसपछि पुनः दशगजा अतिक्रमण हुनबाट रोक्नुपर्छ ।"

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथुन | : बौद्धिक क्षमता । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : धन बृद्धि सञ्चय । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सखी बहिनपा समूह जनकपुरधामले बुधबार जानकी मन्दिरमा नवविवाहीत मैथिलानीहरुको जारी मधुश्रावनी पर्वको अवसरमा आयोजना गरेको सम्मान कार्यक्रममा सहभागीहरु। तस्विर : अभिनास/ टुडे

# मतदाता अद्यावधिकको अधिकार स्थानीय तहलाई प्रत्यायोजन गर्ने तयारी

काठमाण्डु । निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्ने कार्य, मतदानस्थल र केन्द्र व्यवस्थापन, निर्वाचन र मतदाता शिक्षा प्रदान गर्ने कार्य तथा निर्वाचन सामग्री व्यवस्थापनबारे स्थानीय तहलाई अधिकार प्रत्यायोजनबारे आवश्यक तयारी भइरहेको बताउनुभएको छ।

जिल्ला निर्वाचन कार्यालय भक्तपुरले मङ्गलबार आयोजना गरेको 'निर्वाचन व्यवस्थापनमा स्थानीय तहसँगको समन्वय र सहकार्य' विषयक अन्तर्क्रिया कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचन आयोग ऐन, २०७३ संशोधन गरी सो व्यवस्था गर्न लागिएको बताउनुभयो । "निर्वाचन आयोग ऐन-२०७३ संशोधनको क्रममा रहेको छ । स्थानीय तहको सहमतिमा मात्र यो ऐन संशोधन गरी मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्ने कार्य, मतदानस्थल र केन्द्र व्यवस्थापन, निर्वाचन र मतदाता शिक्षा प्रदान गर्ने कार्य तथा निर्वाचन सामग्री व्यवस्थापनबारे स्थानीय तहलाई अधिकार प्रत्यायोजन गर्ने तयारी छ", उहाँले भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मतदाता नामावली सङ्कलन र मतदानस्थल व्यवस्थापनलगायत अधिकार स्थानीय तहलाई दिनु स्वागतयोग्य भएको उल्लेख गर्दै जनप्रतिनिधि र सम्बन्धित पदाधिकारीका लागि निर्वाचनसम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो । निर्वाचन आयोग स्वायत्त र स्वतन्त्र ढङ्गले अगाडि बढ्नुपर्ने धारणा राख्दै प्रमुख प्रजापतिले निर्वाचन आयोग नियन्त्रित हिसाबले सञ्चालन हुन नहुने र आयोगको कार्य सञ्चालनका लागि पर्याप्त बजेट छुट्याउनुपर्ने धारणा राख्नुभयो ।

सूर्यविनायक नगरपालिकाका उपप्रमुख सरिता तिम्सिना भट्टराईले बसाइँसराइ भएका र नभएका मतदाताको मतदाता नामावलीमा नाम समावेश गर्नेबारे भएको अन्योल प्रष्ट पार्न प्रमुख निर्वाचन आयुक्त थपलियासमक्ष आग्रह गर्नुभयो ।

कार्यक्रममा भक्तपुर जिल्लाका स्थानीय तहका सबै जनप्रतिनिधि र राजनीतिक दलका प्रतिनिधि सहभागी थिए । सो अवसरमा सहभागी राजनीतिक दलका प्रतिनिधिले मतदाता नामावली सङ्कलन र अद्यावधिक तथा मतदाता र निर्वाचन शिक्षाको लागि स्थानीय तहलाई अधिकार प्रत्यायोजन गर्न उपयुक्त भएको र निर्वाचन व्यवस्थापनसम्बन्धी प्रत्यायोजनको लागि पर्याप्त छलफल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । रासस

# सम्पत्ति शुद्धीकरणसम्बन्धी नेपालको पारस्परिक मूल्याङ्कन प्रतिवेदन पारित

काठमाण्डु । क्यानडाको भ्यानकुभरमा यसै साता आयोजित एशिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ (एपिजी) को वार्षिक प्लेनरी बैठकले नेपालको पारस्परिक मूल्याङ्कन प्रतिवेदन (म्युचुअल इभ्यालुएसन रिपोर्ट) पारित गरेको छ । उक्त बैठकले यसै वर्ष मूल्याङ्कन सम्पन्न भएका नेपालसहित ब्रुनाई र लाओसको प्रतिवेदन पनि पारित गरेको हो ।

गत मङ्सिर तेस्रो साता एपिजी टोली नेपालको अनुगमन गर्न आएको थियो । सोही अनुगमनका आधारमा तयार पारिएको मूल्याङ्कन प्रतिवेदन पारित भएको हो । प्लेनरी बैठकले पारित गरेको पारस्परिक मूल्याङ्कन प्रतिवेदनको फलोअप प्रतिवेदन एपिजीमा पेस गर्नुपर्ने हुन्छ ।

यसरी पारित भएको पारस्परिक मूल्याङ्कन प्रतिवेदन फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटीएफ) मार्फत ग्लोबल नेटवर्कमा सञ्चार हुने र विभिन्न सुझाव आउनेछन् । सुझावसहितको प्रतिवेदन आगामी अक्टोबरमा सार्वजनिक हुनेछ भने प्रतिवेदनले औँल्याएका विषयहरू कार्यान्वयनमालैजानेकार्ययोजनासहितको प्रतिबद्धता सरकारले एफटिएफसमक्ष पेस गर्नुपर्ने व्यवस्था रहेको छ । यस अवधिमा मुलुक प्रत्यक्ष निगरानीमा रहनुअघि एफएटीएफले नेपाललाई अब्जरभेसन अवधि प्रदान गर्नेछ । जुन अवधिमा सुझाइएका कार्य कार्यान्वयन हुने अपेक्षा राखिएको छ । नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक देवकुमार ढकालले आगामी अक्टोबरमा एपिजीको पूर्ण प्रतिवेदन आएपछि एक वर्षको निगरानी अवधि रहने र सो अवधिमा नेपालले गरेको प्रगतिका आधारमा थप निर्णय गरिने बताउनुभयो । नेपालले यसरी पाउने निगरानी समयमा विभिन्न नीतिगत सुधारका काम गर्नुपर्नेछ । त्यसपछि मात्रै 'ग्रे लिस्ट'मा रहने नरहनेबारे टुङ्गो लाग्नेछ ।

एपिजीको वार्षिक साधारणसभासहितको बैठकमा भाग लिन नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी नेतृत्वको टोली क्यानडा गएको थियो । एपिजीले नेपालको पारस्परिक मूल्याङ्कन प्रतिवेदन पारित गरेको तथा बैठकमा नेपालले राखेका विषयबारे नेपाल राष्ट्र बैंकले आज जारी गरेको प्रेस नोटअनुसार सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी मामलाका केही विषयमा सुधार गरेको छ ।

"उक्त बैठकमा नेपालको पारस्परिक मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा विस्तृत छलफल हुँदा मूल्याङ्कनकर्ताले यसअघि मूल्याङ्कन गरेको रेटिङमा एउटा सुझाव स्तरोन्नति भई उक्त प्रतिवेदनमा उल्लिखित अवस्थामा केही सुधार भएको थियो", नेपाल राष्ट्र बैंकले भनेको छ, "बैठकमा नेपालको यससम्बन्धी कानून निर्माण र संशोधनसम्बन्धी विषयले उच्च प्राथमिकता पाएको थियो ।"

प्लेनरी बैठकमा बैठकमा एपिजीका सदस्य राष्ट्रहरू र पर्यवेक्षकका रूपमा फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटीएफ), विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, युएन अफिस अफ ड्रग्स एन्ड क्राइम (युएनओडिसी) लगायत संस्थाको सहभागिता रहेको थियो । ढेड दर्जन कानून संशोधन हुँदै

'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९' गत माघमा संसद्मा दर्ता भएको थियो । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकमार्फत विभिन्न २० वटा कानून संशोधन गर्न लागिएको छ।

उक्त विधेयकमार्फत निकासी पैठारी (नियन्त्रण) ऐन २०१३, पानी जहाज दर्ता ऐन २०२७, मालपोत ऐन २०३४, पर्यटन ऐन २०३५, भवन ऐन २०५५, दामासाहीसम्बन्धी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ र कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० मा संशोधन गर्न लागिएको छ ।रासस

# जनगुनासो अन्त्यका लागि जनप्रशासन सङ्घले भूमिका खेल्नुपर्छ- उपराष्ट्रपति

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले नेपालको प्रशासन, व्यवस्थापन र कर्मचारी संयन्त्रमा सुनिने गरिएका जनगुनासो अन्त्यका लागि जनप्रशासन सङ्घले भूमिका खेल्नुपर्ने बताउनुभएको छ । सङ्घले बुधबार आयोजना गरेको 'हेमबहादुर मल्ल सम्मान' समर्पण समारोहलाई सम्बोधन गर्दै उहाँले सार्वजनिक क्षेत्रको नीति-निर्माण, पुनरावलोकन र मूल्याङ्कनमा सङ्घले व्यावसायिक पृष्ठपोषण गर्ने गरेकामा खुसी व्यक्त गर्नुभयो ।

"नेपाल सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक मुलुक घोषणा भई यहाँ तीन तहको संरचनाअनुसारको सरकार छ । यो बदलिँदो संरचनामा सेवा प्रवाह प्रक्रियालाई थप प्रभावकारी बनाउन जरुरी छ । यसका लागि प्रशासक, व्यवस्थापक र कर्मचारीहरूलाई थप प्रशिक्षण, ज्ञान, कार्यदक्षता र सीपको आवश्यक हुन्छ", उहाँले भन्नुभयो ।




नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त मुलुक भएको उल्लेख गर्दै उहाँले विविधताबीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धनका लागि सबैले भूमिका खेल्नुपर्ने बताउनुभयो। "वर्गीय, जातीय, क्षेत्रीय, सङ्घीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्पका साथ अघि बढ्नु पर्दछ", उहाँले भन्नुभयो ।

समतामूलक समाज स्थापना गर्न जनअपेक्षाअनुरुपको जनमुखी सेवा प्रभावलाई उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै उपराष्ट्रपति यादवले मुलुकमा सदाचार, इमान्दारी, जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्न सङ्घले थप उत्तरदायित्व बोध गर्नुपर्ने बताउनुभयो ।

"हामी डिजिटल युगमा रहेकाले त्यहीअनुरुपको जनशक्ति परिचालन गर्दै आफ्नो सेवा प्रवाहलाई थप सुदृढ, परिष्कृत, परिमार्जित गर्दै अघि बढ्नै पर्दछ । यसले सेवा प्रवाह छरितो, छिटो, सरल, सुगम, सहज, पारदर्शी, जनमुखी र जवाफदेही मात्र बनाउँदैन, जनगुनासो र जनअपेक्षाअनुसारको सेवासमेत सेवाग्राहीले पाउन सक्छन्", उहाँले भन्नुभयो । उहाँले शिक्षा, व्यवस्थापन, प्रशासन, सार्वजनिक वितरण, जनसरोकार एवं सरकारी तथा गैरसरकारी क्षेत्रमा अतुलनीय योगदान पुर्याउने महत्त्वपूर्ण व्यक्तित्वहरूलाई सङ्घले गर्दै आएको सम्मान कार्यक्रमको प्रशंसा गर्नुभयो । प्रशासन र व्यवस्थापन क्षेत्रका समसामयिक विषयमा मुलुकलाई दिशानिर्देश गर्न सङ्घ सदैव सक्रिय रहने विश्वास व्यक्त गर्दै उहाँले मुलुकमा सुशासन कायम गर्न, विधिको शासन सञ्चालन गर्न, जवाफेदेहिता र उत्तरदायित्व अभिवृद्धि र भ्रष्टाचार न्यूनीकरण गर्न सङ्घ सधैं क्रियाशील रहन सकोस् भनी कामना गर्नुभयो।

साल्ट ट्रेडिङ कर्पोरेसनका अध्यक्ष प्रदीपलाल श्रेष्ठले कृषि क्षेत्रको विकासमा योगदान पुर्याउने उद्देश्यअनुसार सरकारको अनुदानित रासायनिक मलका अतिरिक्त आफ्नैतर्फबाट समेत गैरअनुदानित मल आयात गरी किसानसमक्ष बिक्री वितरण गरिरहेको बताउनुभयो ।

कर्पोरेसनले गहुँको बीउ प्रशोधन गरी किसानसमक्ष पुर्याउने र सोही बीउबाट उत्पादित गहुँ किसानबाट खरिद गरी मैदा, पिठो उत्पादन गरी सर्वसुलभरूपमा बिक्री वितरण गरिरहेको उहाँको भनाइ छ। उत्पादन र बिक्री-वितरणका क्षेत्रमा नुन, चिनी, पिठो, चामल, तेल, दाललगायतका अतिरिक्त खाना पकाउने एलपी ग्यास, कागजको बिक्री वितरण गर्दै आएको जानकारी दिँदै उहाँले देशमा आइपर्ने प्राकृतिक प्रकोप एवं विपत्तिको समयमा कर्पोरेसनले अत्यावश्यक वस्तुको नियमित आपूर्तिमा सक्रिय भूमिका खेलेको बताउनुभयो ।

सम्मानित व्यक्तित्व भानुप्रसाद आचार्यले आर्थिक सुधारको प्रक्रियालाई अवरुद्ध नगरी परिमार्जनसहितका उपायलाई अवलम्बन गरेर निरन्तरता दिइनुपर्ने बताउनुभयो । आन्तरिक उत्पादन, उत्पादकत्व, माग र आपूर्ति बढाउने माध्यम नै आर्थिक क्रियाकलापको वृद्धि हो भन्दै उहाँले नवीन सूचना प्रविधिको उपयोग र उत्पादन तथा सेवा क्षेत्रको विस्तार गरेर आर्थिक क्रियाकलाप विस्तार गरिनुपर्ने बताउनुभयो।

अर्का सम्मानित व्यक्तित्व गोरक्षबहादुर न्हुच्छें प्रधानले नयाँ पुस्ताले पनि देशको शासनभार ग्रहण गर्न तयार हुनुपर्नेमा जोड दिँदै नयाँ पुस्ताले देश विकासको गतिलाई तीव्र पार्ने विश्वास व्यक्त गर्नुभयो । रासस

# 'सरकारले समितिको निर्देशन कार्यान्वयन गरेन'

काठमाण्डु । राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति दिलकुमारी रावल थापाले संसदीय समितिको आवश्यक र औचित्यपूर्ण निर्देशनप्रति सरकार जवाफदेही हुनुपर्ने बताउनुभएको छ।




समितिको बुधबार बसेको बैठकमा सभापति थापाले कार्यक्षेत्रभित्र रहेर सम्बन्धित पक्षलाई दिएको निर्देशन, सुझाव, निर्णय कार्यान्वयन नभएको भन्दै सरकार समितिप्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने बताउनुभएको हो । उहाँले संसदीय कार्य प्रभावकारी बनाउन समितिका सदस्य र सांसदले समेत सशक्त भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो।

"समितिका आवश्यक र औचित्यपूर्ण निर्देशनसमेत सरकारलेकार्यान्वयनगरेन", उहाँले भन्नुभयो, "त्यसका लागि समिति, सांसदले खेल्नपर्ने भूमिका र समितिप्रति सरकार उत्तरदायी एवं जवाफदेही बन्नु/बनाउनुपर्दछ।"

उहाँले संसदीय समितिको कार्यलाई प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने विषयमा समेत छलफल र बहस गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "समितिकोशासनादेशको सन्दर्भमा कसरी जानुपर्छ, अन्तर ाष्ट्रिय अभ्यास के छ भन्ने कोणबाट पनि नयाँ विषयमा छलफल गर्नुपर्दछ। अहिले छलफल सुरु भए कालान्तरमा सुधार वा परिवर्तनका आभास हुनसक्छ।"

सभापति थापाले संसदीय समितिको कार्य प्रभावकारिताबारे राष्ट्रियसभामा सांसदसँग समेत छलफल गर्ने बताउनुभयो। उहाँले अनुगमन मूल्याङ्कनका लागि निर्देशिका नहुँदा समस्या भएको बताउनुभयो । संसद्देखि शासकीय प्रणालीमा सुधारका लागि लोकपाल संरचनाबारे समेत बहस गर्नुपर्ने उहाँको भनाइ छ।

बैठकमा संसदीय समितिको शासनादेश, अनुगमन तथा मूल्याङ्कन जाँचसूची 'चेकलिस्ट' र गुनासो व्यवस्थापन सम्बन्धमा छलफल भएको थियो । छलफलमा संविधानसभा सदस्य एवं नेपाल सरकारका पूर्वसचिव जनकराज जोशीले संसद्को दुवै सदनका नियमावलीले समितिको निर्देशन कार्यान्वयन भए/नभएकामा सम्बन्धित पक्षलाई जवाफदेही बनाउन नसकेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "समितिका निर्णय, सुझाव, निर्देशन केवल कर्मकाण्डी भयो । कार्यान्वयनमा नआएमा भन्ने प्रश्नको उत्तर नियमावलीले दिएन ।" एउटै प्रकृतिको विषयमा फरक-फरक समितिबाट फरक-फरक निर्देशन जारी गर्ने, अनुगमन र समीक्षा नगर्ने कारण समितिको निर्देशन कार्यान्वयन नभएको उहाँको भनाइ छ। उहाँले समितिको कार्य प्रभावकारिताका लागि राजनीतिक क्षेत्र र संसदीय क्षेत्रबीचको सीमाङ्कन र संसदीय स्वायत्तता हुनुपर्ने बताउनुभयो। यस्तै उहाँले सार्वजनिक सुनुवाइ, वित्तीय स्वायत्तता र कार्यपालिकासँग सम्झौता गर्न सुझाव दिनुभयो।

छलफलमा सदस्यहरूले खेदपत्र मात्र काफी नभएको बताउनुभयो । कार्यान्वयनमा नआएमा जवाफदेहिता 'ट्र्याकिङ' गरी सम्बन्धित कर्मचारीलाई विभागीय कारबाहीका लागि लेखी पठाउनेबारे चर्चा गरिएको थियो। यस्तै राजनीतिक नेतृत्वलाई तीनपटकसम्म खेद प्रस्ताव पारित भएमा उक्त नेतृत्वको अभिलेख निर्वाचन आयोगमा पठाउने र आयोगले सार्वजनिक सूचनामार्फत प्रचार-प्रसार गर्नेबारे समेत छलफल भयो।

समितिका सदस्यहरूले लोकपाल ऐन निर्माण गर्नुअघि जनतादेखि सरकार सबैमा यसबारे बहस चलाउनुपर्नेमा जोड दिनुभयो । सदस्य गोपीबहादुर सार्की अछामीले भन्नुभयो, "परिस्थिति यस्तो छ, यसलाई निर्माण र कार्यान्वयनका लागि वातावरण छैन । यद्यपि यसबारे बहस सुरु गरौं।" रासस


# कक्षा १२ को परीक्षाको नतिजा साउनमै सार्वजनिक गरिने

काठमाण्डु । राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको कक्षा १२ को नतिजा यही साउनमा सार्वजनिक गर्ने भएको छ। गत वैशाख २६ गतेदेखि सुरु भई जेठ ५ गते सम्पन्न कक्षा १२ को परीक्षाको नतिजा बोर्डले परीक्षा सम्पन्न भएको तीन महिनाभित्र सार्वजनिक गर्ने गरी तयारी गरिरहेको हो।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले साउन महिनाभित्रै कक्षा १२ को परीक्षाफल सार्वजनिक गर्ने गरी तयारी भइरहेको बताउनुभयो।

देशभरका एक हजार चार सय ५७ परीक्षा केन्द्रबाट करिब चार लाख ६७ हजार तीन सय ८९ विद्यार्थीले परीक्षा दिएका थिए। बोर्डका अनुसार यस वर्ष ५६ हजारभन्दा बढी विद्यार्थी ग्रेड वृद्धि परीक्षामा सहभागी भएका थिए। रासस

# ललिता निवास प्रकरणमा आज पनि सुनुवाइ हुने




काठमाण्डु । ललिता निवास प्रकरण बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमाथि भोलि (बिहीबार) पनि सुनुवाइ हुने भएको छ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय प्रकाशकुमार ढुङ्गाना र नहकुल सुवेदीको संयुक्त इजलासमा बुधबार पनि बहस हुँदाहुँदै समय सकिएपछि उक्त विवादमा भोलि सुनुवाइ हुने भएको हो।

उक्त प्रकरणमा कीर्ते गरेको अभियोगमा सचिव कृष्णबहादुर राउत, निर्वाचन आयोगका पूर्वआयुक्त सुधिरकुमार शाह, व्यवसायी मीनबहादुर गुरुङ र मालपोत कार्यालयका पूर्वकर्मचारी धर्मप्रसाद गौतमलाई पक्राउ गरी अनुसन्धान सुरू गरेपछि सर्वोच्च अदालतमा बन्दीको रिट निवेदन दायर गरिएको थियो।

सर्वोच्च अदालतले सो विवादसम्बन्धी छ थान रिट निवेदन एकै ठाउँमा राखेर सुनुवाइ गरिरहेको छ। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# भ्रष्टाचार विरुद्ध आक्रोश

पर्सा जिल्लाको यातायात कार्यालयमा कर्मचारीमाथि सेवाग्राहीहरुले पेट्रोल छर्केर आगो लगाउने दुष्प्रयास गरेका थिए । केही सेवाग्राहीहरुले बचाउ गरेपछि कर्मचारी जोगिए । नियमसंगत कार्यमा अनुचित माग राख्नु उपयुक्त होइन् । शाखा अधिकृत रञ्जित साहमाथि पेट्रोल छर्किने प्रयास गर्नु गैरकानुनी र असमाजिक कृयाकलाप पनि हो । हरेक कार्यालयको आफ्ना मर्यादा हुन्छ । सरकारी कार्यालय र घरमा प्रवेश गरी आक्रमण गर्नेलाई कानुनी दायरामा ल्याउनै पर्छ । हिंसात्मक गतिविधिलाई सकारात्मक मान्न सकिदैन् । तर सरुवा भएर गौर जानुपर्ने साह वीरगञ्ज किन छाड्न चाहँदैनन् ?भन्ने प्रश्न उठेको छ ।सरकारी कर्मचारीलाई सरकारले चाहेको स्थानमा सरुवा गर्न सक्छन् । सरकार सरुवा गरिसकेको कर्मचारी बिना झण्झट खटाइएको स्थानमा पुग्नुपर्छ । सरकारी निर्णयलाई अवज्ञा गर्ने कर्मचारीको कारण कार्यालयमा अनेक समस्या आउन सक्छ । साहले कार्यालयमा व्यापक अनियमितता गरेको आरोप लागेको छ । उनले सेवाग्राहीहरुसित अनुचित रकम लेनदेन नगरी कामै नगर्ने कर्मचारीहरुको रुपमा परिचित छन् ।पर्सा जिल्लामा साहको आतंक नै फैलिएको कर्मचारीहरुले पनि स्वीकार गरेका छन् । सेवाग्राहीहरुलाई कानुन बमोजिम लाग्ने दस्तुर लिएर कर्मचारीहरुले छरितो र प्रभावकारी सेवा प्रवाह गर्नुपर्ने हो । तर रितपूर्वक सम्पूर्ण कार्य पूरा भएको अवस्थामा सेवाग्राहीसित अनुचित लाभ नलिइ कामै नगर्ने प्रवृति साहमा देखिएको गुनासाहरु व्यापक हुन थालेको छ । साहको कारण कार्यालय नै बदनाम हुन थालेपछि उनको सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रौतहट जिल्लाको गौरमा स्थापित यातायातको कार्यालयमा भएको छ । तर उनी सरुवा भएको कार्यालयमा जान नचाहेको देखिएको छ । निजामती कर्मचारीहरुलाई मात्र नभइ संस्थान, विकास लगायतका कर्मचारीहरुलाई सरकारले सरुवा गरेको कार्यालयमा बिना कुनै झण्झट झमेला जानु पर्छ ।सरुवा भएको कार्यालयमा जानै नचाहेका साहले वीरगञ्ज कार्यालयमा मच्चाएको घुस आतंकबाट अत्यधिक पीडित सेवाग्राहीहरुले आक्रमणको प्रयास गरेको बताइन्छ । यद्यपि साहले बिचौलियाहरुले आफूमाथि आक्रमण गरेको आरोप लगाएका छन् । तर यथार्थ भने फरक छ ।कार्यालय र प्रहरीले पनि अनुसन्धान गर्ने नै छ ।सत्यतथ्य बाहिर आउने छ ।तर साहले भने जस्तो बिचौलियाले आक्रमण गरेको पक्कै होइन् ।उनले कार्यालयलाई व्यवस्थित गर्ने प्रयास पनि गरेको होइन् ।घुस खान उनी कुख्यात रहेको आरोप छ ।सेवाग्राहीहरुले साहलाई कारबाही गर्न माग गरिरहेका छन् । साहलाई त्यस कार्यालयबाट तत्काल नहटाइए अर्को दुर्घटना हुन सक्ने सम्भावना रहेको बताइन्छ । साहले कर्मचारी र कार्यालयको मर्यादालाई नाघेर खुल्लेआम घुस माग्न थालेकाले हरेक दिन कार्यालयमा विवाद हुने गरेको छ । हुनत यातायात, मालपोत, नापी लगायतका केही सरकारी कार्यालयहरु घुसका लागि कुख्यात छन् । सरकारले सेवाग्राहीहरुको बढी चाप हुने कार्यालयमा सेवाप्रवाहलाई सहज बनाउनु आवश्यक छ ।सरकारले यसका लागि आवश्यक कारबाही गर्नुपरे पनि पछि हट्नु हुँदैन् । साहलाई छानबिन गरी दोषी ठहरिए कारबाही गर्नुपर्छ ।

# दाइजोसम्बन्धी कानुन पालना खोइ

**रोशनकुमार झा**

आजको एक्काइसौं शताब्दीको युगमा पनि नेपाली महिला दाइजो, बोक्सी, छाउपडी, बालविवाह, बहुपति, बहुपत्नीलगायतका कुप्रथा तथा कुसंस्कारजन्य गम्भीर प्रकृतिका हिंसा सहन बाध्य छन् । कतिपय महिला घरेलु हिंसा, बलात्कार, यौनजन्य हिंसा, कार्यस्थलमा हुने, आर्थिक तथा सांस्कृतिक हिंसाको शिकार भई नैसर्गिक मानव अधिकारबाट समेत वञ्चित छन् । विश्वव्यापी समस्याको रूपमा व्याप्त लैङ्गिक हिंसालाई स्थान तथा परिवेशले फरक पार्दछ । धार्मिक, सांस्कृतिक, सामाजिक परिवेश, शिक्षा र चेतनाको स्तर, आर्थिक सशक्तीकरण र विश्वव्यापीकरणको प्रभावले गर्दा यसको स्वरूप र स्तरमा भिन्नता देखिन्छ ।

महिलाविरूद्ध हुने विभिन्न लैङ्गिक हिंसाहरूमध्ये दाइजो प्रथा पनि एक प्रमुख घरेलु हिंसाका रूपमा लिइएको छ । नेपाल डेमोग्राफिक हेल्थ सर्भेका अनुसार ३५ प्रतिशत महिलाहरू कुनै न कुनै हिंसाको शिकार भएका छन् । घरेलु हिंसा, बलात्कार, यौनजन्य हिंसा र दाइजो धेरै नपाएको कारणबाट हुने हिंसालगायतका विभिन्न स्वरूपका लैङ्गिक हिंसाहरूबाट धेरै महिला पीडित छन् । २०६२/६३ को जनआन्दोलन भएलगतै मधेशबाट उठेको मधेश विद्रोहले देशलाई सङ्घीय शासन प्रणालीमा डोऱ्यायो । बुधबार पनि मधेश प्रदेशमा दाइजो प्रथासँगै महिला हिंसाको घटनामा कमी आएको छैन । बढ्दो दाइजो प्रथाका कारण महिला हिंसाका घटनाहरू दिनदिनै बढिरहेका छन् ।

अहिले बदलिदो समयसँग दाइजो लिने स्वरूप पनि बदलिएको छ । दाइजो प्रथाले संस्कृतिको रुप लिन थालेपछि यसको मारमा न्यून आय भएका र आर्थिक अवस्था जर्जर भएका अभिभावक तथा तिनका सन्तति पर्ने गरेका छन् । बालिकाहरूको आर्थिक, सामाजिक एवं शिक्षाको स्तर अत्यन्तै कमजोर रहेको सन्दर्भमा मधेश प्रदेश सरकारले 'मुख्यमन्त्री बेटी पढाऊँ, बेटी बचाऊँ' अभियानले सार्थकता पाउन नसकेको तथ्य मधेश प्रदेशको महिला हिंसाको तथ्याङ्क र मागेजति दहेज नदिएको निहुँमा बुहारीहरू जलेको घटनाले प्रष्ट पार्छ । कन्या पक्षले विवाहको बेला वर पक्षलाई दिइने सम्पत्ति, नगद, गरगहना र उपहार आदिलाई दाइजो, दहेज र तिलक पनि भन्ने गरिन्छ । कुनै जात र समुदायमा छोरीको विवाहमा केटा पक्षलाई दिइने नगद, गरगहनालगायतको चल अचल सम्पत्ति दहेज वा दाइजो हो भने भनेको विवाहपूर्व केटी पक्षले केटा पक्षसँगको भेटमा दिइने नगद, लुगा, गरगहना आदि तिलक हो ।

प्राचीनकालमा, आफ्नो छोरी कसैको साथ सुम्पेपछि छोरी र ज्वाइँलाई नगद, वस्तु, आभूषण र छोरीलाई अर्काको घरमा बस्नलाई सहज होस् भन्ने पवित्र तर्कका आधारमा सुरू भएको दाइजो प्रथा बुधबार विकराल होडबाजीको स्वरूप ग्रहण गरिसकेको छ । यस्तो अवस्थामा दाइजो लिनुदिनु अपराध मात्र नभएर पारिवारीक विग्रह र विखण्डन, शारीरिक तथा मानसिक यातना, बालविवाह, बहुविवाह, अनमेल र जबरजस्ती विवाह, स्त्री भ्रूण हत्या, हत्या, आत्महत्या तथा यौनजन्य हिंसा, महिलाको शिक्षा, स्वास्थ्य तथा आत्मबलमा कमी आउनुको मुख्य कारक तत्व पनि हो ।

**दाउजोको प्रचलन कसरी भयो ?**

पूर्वमध्यकालमा तिरहुतका राजा राजा हरि सिंह देवको शासनकालमा विद्वान वीच शास्त्रार्थ हुन्थ्यो । यसमा विजयी विद्वानलाई पुरस्कृत गरिन्थ्यो । सन् १३२४ मा राजा हरिसिंह देवले अविवाहित मैथिल ब्राह्मण युवकबीच शास्त्रार्थ गराएका थिए । लामो समयसम्म तर्कवितर्क चलिरह्यो र त्यसमा वेद, वेदान्त, योग र न्यायजस्ता विषय उठेका थिए । राजा हरिसिंह देवले ब्राह्मण युवकको विद्वता देखेर प्रभावित भए र अनौठो तरिकाले ती युवकलाई पुरस्कृत गरेका थिए । यद्यपि शास्त्रार्थमा भाग लिने युवक अविवाहित भएकाले पुरस्कारस्वरूप उनीहरूलाई एकएक सुन्दर बेहुली विवाह गर्ने मौका प्रदान गरेका थिए । त्यसपछि यसको आयोजना प्रत्येक वर्ष हुन थाल्यो । पहिले मैथिल ब्राह्मण युवकको सभा हुने गर्दथ्यो । यसमा उनीहरूबीच शास्त्रार्थ हुन्थ्यो र बेहुली पक्ष आफ्नी छोरीका लागि योग्य बेहुलाको खोजी गर्न त्यहाँ भेला हुन्थे । यसले मैथिली समाजमा बसालिदिएको शिक्षाका आधारमा वर चुन्ने परम्परा पछि विकृत बन्यो ।

छोरीको विवाहका लागि एउटै केटामाथि धेरैले दाबी गर्न थालेपछि लेनदेन रुपी दहेजले मिथिलामा प्रवेश पाएको भनिन्छ । मधेसी समाजमा छोरीलाई 'पराया धन' भन्ने प्रचलन अहिले पनि पाइन्छ । यो मान्यताका कारण छोरीलाई धेरै पढाउनेभन्दा छिट्टै विवाह गरिदिनु यहाँ उचित ठानिन्छ । छोरी दिन्छु, तर दाइजो दिन्नँ भन्ने अभिभावक बिरलै भेटिन्छन् । दाइजो होइन, गुणी बुहारी चाहिन्छ भन्ने अभिभावक पनि दुर्लभ छन् ।

**कानूनमा के छ ?**

पहिला-पहिला छोरीलाई पैतृक सम्पत्तिमा कानूनी अधिकार नभएको कारण छोरीको विवाहपछि पतिको घर पठाउँदा छोरीका आमाबुबाले आफ्नो आर्थिक हैसियतअनुसार स्वेच्छाले दाइजोस्वरूप चल सम्पत्ति दानस्वरूप दिने गर्दथे । तर अहिले मुलुकी देवानी संहिता, २०७४ को दफा २०५ ले सगोलको सम्पत्तिमा पति, पत्नी, बाबु, आमा, छोरा, छोरीलाई समान अंशियार मानेको छ । नेपालको संविधानको धारा ३८ (१) ले प्रत्येक महिलालाई लैंगिक भेद्भाव बिना समान वंशीय हक हुनेछ भन्ने कुराको प्रत्याभूति गरिएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७४ ले आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहनाबाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन नहुने भनेको छ । दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गरेमा त्यस्तो व्यक्तिलाई तीन वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ ।

चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्न नहुने समेत भनेको छ । यस्तो कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने तथा कुनै सम्पत्ति लिएकोमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्ने मुलुकी अपराध संहिताले व्यवस्था गरेको छ ।मुलुकी अपराध संहिता, २०७४ ले विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन नहुने व्यवस्था गरेको छ । तर कानुनको प्रभावकारी कार्यान्वयन नहुनु हाम्रो जस्तो लिखित संविधान भएको मुलुकको लागि विडम्बनाको विषय हो । विधायिकाले कुनै कानुन बनाउँछ भने कार्यपालिकाले त्यसलाई अक्षरशः लागू गर्नुपर्छ । सर्वोच्च अदालतबाट पनि विभिन्न समयमा विभिन्न मुद्धाहरूमा निर्णय भएको छ ।

विवाह सम्पन्न गर्ने शिक्षित बरबधुले पनि कुपरम्पराबाट ग्रसित आमा बुबा लगायत अभिभावकको कारण खर्चिलो तिलक र दाइजोका साथै भड्किलो रूपमा विवाह सम्पन्न गर्ने गरेको देखिन्छ । तसर्थ यसको नियन्त्रण हेतु दाइजो सम्बन्धी विशेष ऐनको खाँचो देखिन्छ । कानुन लागू गर्न नसक्नु भनेको सार्वभौम राष्ट्रको कानुन बनाउने काममा सार्वभौम संसदको आदेश पालना नगर्नु हो । तसर्थ विशेष कानुन बनाएर बाध्यात्मक र अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्छ । दाइजोविरूद्धको अभियानलाई थप सशक्त र प्रभावकारी बनाउन नीतिगत र संस्थागत सुदृढीकरण, सरोकारवाला पक्षहरूबीच समन्वय, साझेदारी र सहकार्य प्रवर्द्धन हुनु आवश्यक छ । दाइजो नियन्त्रणका लागि कानुन र राज्य मात्रको एकल प्रयासले सम्भव नहुने हुँदा निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, पत्रकार जगत र सर्वसाधारण नागरिकको सक्रिय भूमिका र सहकार्य अपरिहार्य रहेको हुँदा एक अर्कामा सामाञ्जस्यता र सहकार्य गरेर अगाडी बढनु पर्दछ । मधेश प्रदेशका जिल्लाहरूमा विकराल समस्याको रूपमा रहेको दाइजो प्रथा हटाउन स्थानीय तहका जनप्रतिनिधिहरू विशेषरूपमा अग्रसर हुनुपर्दछ । (लेखक त्रिभुवन विश्वविद्यालय कानुन, सङ्कायमा विधावारिधि तहका शोधार्थी हुनुहुन्छ ।)



# कसरी छुटाउने बालबालिकाको मोबाइल फोन प्रयोग गर्ने लत ?



**अंशु सिंह मानव**

बालबालिकाहरूले गर्ने मोबाइल फोनको अत्यधिक र अनावश्यक प्रयोग आजको समयमा अभिभावकको सबभन्दा ठूलो र चुनौती समस्या भएको देखिन्छ। अभिभावकको टाउको दुखाइका रूपमा मौलाइरहेको मोबाइल फोन अहिलेका बालबालिकाका लागि अपरिहार्य भैसकेको तर्क धेरै अभिभावकको रहेको पाइन्छ ।

यसको सन्तुलित र आवश्यकतानुसार प्रयोग गर्न बालबालिकालाई कसरी तयार गर्ने भन्ने अभिभावकको टड्कारो सरोकार रहेता पनि यसमा अभिभावक आवश्यक रूपमा जानकार, सुसूचित तथा प्रशिक्षित रहेको भने सामान्यतया पाइँदैन । आजका हरेक अभिभावकको एउटै महत्वपूर्ण प्रश्न रहेको पाइन्छ, बालबालिकाको मोबाइल फोन प्रयोग गर्ने लत कसरी छुटाउने? यसका बारेमा कुरा गर्दा सबैभन्दा पहिला बुझ्नुपर्ने कुरा के हो भने बालबालिकाले कहिले पनि आफैं मोबाइल फोन चलाउँदैनन् र चलाएका हैनन्, उनीहरू त आफ्ना अभिभावकले सानैमा देखाइदिएको मोबाइल फोनको झिलिमिलीमा हराएका मात्र हुन्, उनीहरूले त आफ्नै अभिभावकलाई अनुशरण गर्दै सिकेका मात्र हुन् जुन कालान्तरमा उनीहरूमा एउटा लतको रूपमा विकसित हुँदै गएको अभिभावक र स्वयं बालबालिकाले पनि पत्तो नै पाउँदैनन्।

भनिन्छ, आमाबाबु बालबालिकाका ऐना हुन्। आमाबाबुबाट नै बालबालिकाले जीवनको प्रारम्भिक सिकाइ सिक्ने गर्छन्। त्यसैले बालबालिकालाई केही भन्नु अगाडि अभिभावकले सबैभन्दा पहिले आफ्नो बानी व्यवहारलाई केलाउनुपर्ने हुन्छ । छ महिनाका कलिला बालबालिकालाई मोबाइल के हो र कसरी हेर्ने भन्ने पटक्कै थाहा हुँदैन तर आजको युगमा पहिलेका बाबाआमा जसरी बालबालिका हुर्काउने फुर्सद नभएका र अहिलेको समय अनुसार बालबालिका हुर्काउने तालिमप्राप्त नभएका हामी अभिभावकले ती नवजात शिशु फकाउने माध्यम मोबाइल बनाएका हुन्छौं ।

बाबाआमाको बोली सुन्ने, उनीहरूको भावभंगीलाई नियाल्ने अनि उनीहरूबाट हाँसो, खुसी, रुवाइ, जस्ता विभिन्न अभिव्यक्तिहरू सिक्ने, अनुहारका विभिन्न आकार, प्रकारहरू हेर्ने बेलामा आजका नवजात शिशुलाई हामी मोबाइलको झिलिमिली देखाउनतर्फ लाग्छौं।

कतिपय अभिभावकले त नवजात शिशु बोल्न जान्दैन त्यसैले ऊसँग कुनै सञ्चार हुने त कुरा नै भएन बरू मोबाइलमा भुल्छ वा त्यही हेरेर नै आफैं सिक्छ भन्ने अवधारणा समेत राखेको पाइन्छ । यसरी आफ्नो सजिलो र व्यस्ततालाई व्यवस्थापन गर्ने उद्देश्यले हामी आफैंले उनीहरूलाई दिएको मोबाइलले हाम्रा बालबालिकालाई कहिले लत लाग्छ हामी पत्तो नै पाउँदैनौं अनि जब त्यो हाम्रो आफ्नो नियन्त्रणभन्दा बाहिर जान थाल्छ अनि फेरि हामी नै गुनासो गर्दै हिंड्छौं कि हाम्रा बालबालिका मोबाइल फोनका दुर्व्यवसनी भए। यसरी बालबालिकालाई मात्र दोष दिनु कतिको जायज हो? एक पटक आफैंलाई सोधी हेरौं त ।

कतै हामी आफैं बिहान उठ्नासाथ, खाना खाँदा, राति सुत्ने बेलामा, बालबालिकासँग घुम्न जाँदा, गीत सुन्दा, मनोरञ्जनका लागि, पढाइका लागि, कामका लागि, आफन्तजनसँग कुराकानीका लागि, साथीभाइसँग हालखबर सोध्न, खाना मगाउन, यातायातका साधन लिन, अनि यस्तै-यस्तै कुरामा बिहान उठेदेखि राति निदाइ नसक्दासम्म मोबाइलमै व्यस्त त छैनौं?

कतिपय कामका लागि त मोबाइल फोनको प्रयोग अपरिहार्य नै छ तर कतै हामी वास्तविक आवश्यकताभन्दा बढी यसको प्रयोग गरिरहेका त छैनौं? यदि हामी अभिभावक आफैं मोबाइल फोनको अत्यधिक र अनावश्यक प्रयोगलाई व्यवस्थापन गर्न सकिरहेका छैनौं भने सर्वप्रथम त्यतातिर ध्यान दिनु अत्यावश्यक हुन्छ । हाम्रा बालबालिकाले मोबाइल फोनको अत्यधिक र अनावश्यक प्रयोग नगरून् भन्नाका लागि हामी अभिभावकले उनीहरूलाई आज उनीहरूको लत, साथी, शिक्षक, चिकित्सक, सबभन्दा नजिकको आफन्त, सबभन्दा नजिकको विश्वासपात्र सबै बनिसकेको मोबाइल फोनको विकल्प दिन सक्नुपर्छ । यदि हामीलाई लाग्छ कि बालबालिकाले



मोबाइल फोन नचलाऊन्, त्यो बेला उनीहरूले के गर्ने त भन्ने विकल्प हामीले उनीहरूलाई दिनसक्नुपर्छ। बिना विकल्प जति तीव्र र दबाबपूर्ण ढंगले हामी उनीहरूबाट मोबाइल फोनलाई टाढा लैजाने कोसिस गर्छौं, त्यति नै तीव्र र जिद्दीपूर्ण रूपमा उनीहरू मोबाइल फोनसँग नजिकिन जान्छन्, न्यूटनको तेस्रो नियम यहाँ पनि लागु हुन्छ। त्यसैले हामीले विकल्प सहितको समाधान खोज्नु नै बुद्धिमानी हुन आउँछ । भर्खर जन्मिएका बालबालिकालाई पनि आमाबाबुको माया, स्याहार सँगसँगै प्रभावकारी सञ्चार चाहिएको हुन्छ ।

नवजात शिशुदेखि स-साना बालबालिकाहरूलाई उनीहरू बोल्न जान्दैनन् वा रोएको अवस्थामा भुल्छन् भनेर अभिभावकले मोबाइल फोनको रमझममा भुलाउने कोसिस गर्नु हुँदैन । उनीहरूलाई उनीहरूकै उमेर अनुसारको क्रियाकलापहरू, बोली, भावभंगीमा आदिले व्यवहार गर्नुपर्छ। जीवनको पूर्वार्द्धमा हामीले जति ढिलो बालबालिकालाई मोबाइल फोनसँग परिचित गराउँछौं, त्यति नै उनीहरूसँग अभिभावकको सम्बन्ध दह्रिलो, समझदारीपूर्ण र मायालु हुन्छ भने बालबालिकाले पनि प्रकृति, परिवार र प्रमोदमा हुर्कने मौका पाउँछन् जसले उनीहरूको सर्वाङ्गिण विकासमा टेवा पुऱ्याउँछ।

हामीमध्ये धेरै अभिभावकले राति सुत्ने बेलामा मोबाइल फोनमा दिनभरीका गतिविधि हेर्ने, समाचार पढ्ने, आफन्त वा साथीभाइका बारेमा जानकारी लिने आदि गर्छौं, तर यी काम हाम्रा बालबालिका निदाइसकेपछि पनि गर्न सकिने काम हुन्। तसर्थ, बालबालिकासँग रातिको समयमा सँगै किताब पढ्ने, उनीहरूलाई कथा सुनाउने, दिनभरीका गतिविधिका बारेमा छलफल गरी भोलिका लागि कार्ययोजना बनाउने आदि जस्ता क्रियाकलाप गर्न सकिन्छ ।

यसले बालबालिकालाई फोनमा व्यतित गर्ने समय सदुपयोग गर्न सिकाउँछ भने अभिभावकसँगको सम्बन्ध पनि सुदृढ बनाउँछ । यसैगरी, हामी धेरैजसो अभिभावकले हाम्रा साना बालबालिकालाई खाना खुवाउँदा पनि मोबाइलमा भुलाउने, फोन देखाएर खुवाउने आदि क्रियाकलाप गर्दछौं । यसको साटो बालबालिकालाई कुराकानी गर्दै, विभिन्न किसिमका हाउभाउ गर्दै, डुलाउँदै, कथा भन्दै, गीत गाउँदै, भिन्न भिन्न रंग, आकारका खानालाई विभिन्न ढाँचामा सजाएर आकर्षक बनाउँदै, खाइरहेका कुराहरू र त्यसबाट पाउने पोषण आदिका बारेमा कुरा गर्दै खुवाउँदा बालबालिका मोबाइलबाट टाढा र अभिभावकसँग नजिक हुन्छन् ।

बालबालिकालाई सानैदेखि समयको महत्व बुझाउँदै उनीहरूलाई समय तालिकामा चल्न प्रेरित गर्नुपर्छ । उनीहरूले दैनिक, साप्ताहिक, मासिक र वार्षिक रूपमा के-कस्ता कामहरू गर्ने र ती काम तथा क्रियाकलापबाट उनीहरूले के सिक्ने, के सिकाउने, कसलाई सिकाउने जस्ता उमेरअनुसारका समय तालिका, कार्ययोजना र उद्देश्यहरू निर्धारण गर्न सकेको खण्डमा बालबालिका मोबाइल हेर्न तर्फभन्दा पनि आफ्नो समय तालिका र कार्ययोजना अनुसारका उद्देश्य हासिल गर्नतर्फ बढी केन्द्रित हुने गर्छन् ।

यस्ता समय तालिका, कार्ययोजना, क्रियाकलाप र उद्देश्यको निर्धारण भने बालबालिकाकै सहभागिता र सहमतिमा हुनुपर्दछ अनि मात्र यो प्रभावकारी रूपमा कार्यान्वयनमा आउँछ । हाम्रा बालबालिकाहरूका लागि हामी अभिभावकले दिने गुणात्मक समय निकै महत्वपूर्ण हुन्छ। हामीले उनीहरूसँग कति समय बितायौं भन्ने भन्दा पनि कस्तो समय बितायौं भन्ने कुरा अत्यन्त महत्वपूर्ण हुन्छ।

हामीले हाम्रा बालबालिकासँग उमेर अनुसारको प्रभावकारी सञ्चार गर्ने, उनीहरूसँग विभिन्न विषयमा दैनिक छलफल गर्ने, उनीहरूका भावना, चाहना र आवश्यकतालाई बुझेर त्यही अनुसारको व्यवहार गरिदिने, उनीहरूलाई सम्मान र उत्प्रेरणा प्रदान गर्ने, उनीहरूसँग घुम्न जाने र घुम्दै उनीहरूसँग कुराकानी गर्ने आदि जस्ता क्रियाकलापहरू गर्ने गरेमा हाम्रा बालबालिका मोबाइल फोनभन्दा अभिभावकसँग समय बिताउन उत्साहित हुने गर्छन् ।

अहिलेको समयमा विभिन्न संस्थाहरूले बालबालिकालाई नै लक्षित गरेर विभिन्न कार्यक्रम, क्रियाकलाप, खेल, सिकाइ, प्रतियोगिताहरू आदि ल्याइरहेका हुन्छन् । सम्भव र पहुँच भएसम्म हामी अभिभावकहरूले आफ्ना बालबालिकालाई त्यस्ता क्रियाकलापहरूमा सहभागी बनाई उनीहरूलाई व्यस्त राख्न तथा सीप सिकाउन पनि सकिन्छ । हाम्रा बालबालिकालाई प्रविधिको उच्चतम तर सही उपयोग गर्न सिकाउनु हामी अभिभावकको कर्तव्य हो ।

मोबाइल फोनको प्रयोगबाट आजको युगमा हामी हाम्रा बालबालिकालाई पूर्णतया बञ्चित गरेर राख्न भने सक्दैनौं र यो प्रविधिको युगमा त्यो सान्दर्भिक पनि हुँदैन । आजको पुस्ताले जानकारीको लागि गुगल, व्यापारका लागि इन्स्टाग्राम, प्रेरणादायी व्याख्याका लागि युट्युब, लगायत समाचार, शैक्षिक क्रियाकलाप, सोधखोज, अनुसन्धान, ब्लग, भ्लग, विचार आदानप्रदान आदि विभिन्न प्रायोजनका लागि पनि इन्टरनेटलाई प्रयोग गरिरहेका हुन्छन् जसले गर्दा उनीहरूको मोबाइल प्रयोगको समय अवधि बढ्न जान्छ । यसका लागि अभिभावकले उनीहरूलाई उमेरअनुसारको अभिभावकत्व र मार्गनिर्देशन दिनु जरूरी हुन्छ ।

हामीले हाम्रा बालबालिकालाई मोबाइल फोनको समय सुहाउँदो प्रयोग, यसका सकारात्मक र नकारात्मक दुवै असरहरू, यसको प्रयोगले शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासमा पार्ने प्रभाव आदिका बारेमा सचेत गराउनु पर्छ । उनीहरूसँग बसेर उनीहरूका गतिविधि नियाल्दै संसारमा भएका कुराहरूका बारेमा ज्ञान लिने, उनीहरूको शैक्षिक सिकाइमा सहयोग गर्ने, उनीहरूसँगै उनीहरूको उमेर अनुसारको मनोरञ्जनमा रमाउने गर्न सकिन्छ तर यसो गरिरहँदा उनीहरूसँग मिलेर समयसीमा भने पहिले नै निर्धारण गर्नु उत्तम हुन्छ । घरमा मोबाइल फोन प्रयोगका बारेमा अभिभावक र बालबालिकाको आपसी सहभागितामा र समझदारीमा नियमहरू बनाउनुपर्छ ।

कति र कुन समय तथा कुन अवस्थामा मात्र मोबाइल फोनको प्रयोग गर्ने अन्यथा परिवारमा एक अर्कालाई महत्व र प्राथमिकता दिने भन्ने नियम बनाई अभिभावक र बालबालिका दुबैले पालना गरेमा बालबालिका विस्तारै फोनमा भन्दा परिवारमा रमाउन थाल्छन् । बालबालिकाको पहिलो रोजाइ भनेका सदैव अभिभावक नै हुने गर्छन् तसर्थ अभिभावकले समय दिएको खण्डमा बालबालिकाले अभिभावकको विकल्प खोज्दैनन्। त्यसैले घरमा अभिभावक र बालबालिका दुवैले मोबाइल फोनलाई भन्दा आपसमा सञ्चार, समय र सामिप्यतालाई जोड दिने खालको नियम बनाइ पालना गर्नु अति उत्तम हुन्छ ।

आजको युगमा पनि बालबालिका आफैं हुर्किन्छन् भन्ने सोच राख्ने हामी अभिभावकहरूले बुझ्नुपर्ने कुरा के हो भने बगैंचामा बोटबिरूवा यत्तिकै छोडिदिए पनि, हुर्किने बोटबिरूवा त यत्तिकै पनि हुर्किन्छन् तर मलजल, गोडमेल गरेर, तामक्रम मिलाएर, सही वातावरण दिएर हुर्काएको बोटबिरूवाको छाँटै बेग्लै हुन्छ ।

हाम्रा बालबालिका पनि त्यस्तै हुन्, हामीले दिन नसकेको गुणात्मक समयकै कारण मोबाइल फोनले हाम्रा बालबालिकाको जीवनबाट हामीलाई विस्थापित गर्न सफल भएको तथ्यलाई हामीले कदापि बिर्सिनु हुँदैन त्यसैले जति सम्भव हुन्छ हाम्रा बालबालिकासँग हामीले मीठा यादहरू बनाउनु पर्छ, गुणात्मक समय व्यतित गर्नुपर्छ र मोबाइलले हामीलाई हैन, हामीले मोबाइल फोनलाई हाम्रा बालबालिकाको जीवनबाट विस्थापित गर्ने वातावरण तयार पार्नु पर्छ ।

तसर्थ, उनीहरूलाई मात्र दोषको भारी बोकाइरहनुभन्दा वा उनीहरूका बारेमा मात्र गुनासो गरिरहनुभन्दा अभिभावक आफूले पनि आजको वैज्ञानिक युग सुहाउँदो अभिभावकीय कला र सीप सिक्नु अत्यावश्यक हुन आउँछ। (लेखक स्मार्ट प्यारेन्टिङ नेपालका अभिभावक शिक्षा प्रशिक्षक हुन्।)

# विद्यालय शिक्षा ऐन मन्त्रिपरिषद्मा विचाराधीन छ : मन्त्री राई




काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले शिक्षा क्षेत्रमा ऐन, कानुनको रिक्ततालाई पूर्ति गर्न आफूले प्राथमिकता दिएको बताउनुभएको छ । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिको बुधबारको बैठकमा उहाँले विद्यालय शिक्षा (सङ्घीय) ऐनको मस्यौदा अहिले मन्त्रिपरिषद्को विषयगत समितिमा विचाराधीन रहेको उल्लेख जानकारी दिनुभयो ।

उहाँले ऐन, कानुन तर्जुमा गर्दा कानुन, न्याय तथा संसदीय मन्त्रालय र अर्थ मन्त्रालयबाट छिटो परामर्श प्राप्त हुन नसकिरहेको स्थिति अन्त्यका लागि नीतिगत निर्णय गर्ने सरकारको तयारी भएको जानकारी दिनुभयो । उहाँले प्रधानमन्त्री र विभागीय मन्त्रीले चाहँदा पनि कानुनका फाइल घुमिरहने प्रवृत्तिबाटमाथि उठ्नका लागि ठोस् निर्णय गर्न आवश्यक रहेको बताउनुभयो ।

उहाँले विदेशमा शिक्षा बुधबार्नि गरेर त्यहीँ राम्रोसँग क्षमता प्रदर्शन गर्न सक्ने स्थिति भएर पनि देशको माटोले आफ्नो विज्ञता खोजेको छ भनेर प्रतिभावान व्यक्तिलाई त्यस प्रकारको भावना जगाउन सक्नुपर्नेमा जोड दिनुभयो ।"शिक्षामा भौतिक संरचना र जनशक्तिको अभाव मात्रै समस्या होइन, समस्याको जरो हाम्रो मानसिकता र सोचमा रहेको छ।", मन्त्री राईले भन्नुभयो, "त्यसले गर्दा हामीले समस्याको जडतालाई तोड्न सकेका छैनौँ ।" उहाँले आवश्यक शिक्षक दिन नसकेसम्म गुणस्तरीय शिक्षाको चुनौतीको सामना गर्न नसकिने बताउँदै शिक्षाको बजेट पर्याप्त विनियोजन नभएकामा गुनासो व्यक्त गर्नुभयो ।

मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले सम्बन्धित कानुन आउन नसकेकाले शिक्षामा सङ्घीयता आएको आभाव हुन नसकेको बताउनुभयो । उहाँले आफू उक्त मन्त्रालयमा सचिव भएको एक वर्षमा पाँच मन्त्री फेरिएको र दुई पटक सङ्घीय शिक्षा ऐनको मस्यौदा मन्त्रिपरिषद्मा पुगेको बताउनुभयो। उहाँले अन्य ऐनहरू परामर्शका क्रममा रहेको र समयमा जवाफ नआउँदा समस्या हुने गरेको जनाउनुभयो ।

बैठकमा मन्त्रालयले प्रस्तुत गरेको तथ्याङ्कीय विवरणमा आधारभूत तहमा दुई दशमलव ६ प्रतिशत कक्षा छाड्ने प्रवृत्ति र सात दशमलव ८ प्रतिशत कक्षा दोहाऱ्याउने रहेको उल्लेख छ ।

हाल ५३ हजार एक सय ५८ शिक्षक अपुग र २८ हजार विद्यालय भवन निर्माण गर्न आवश्यक रहेको छ, ७२ स्थानीय तहमा प्राविधिक शिक्षा पुऱ्याउन नसकिएको मन्त्रालयले जनाएको छ। हाल स्वदेशभित्र उच्चशिक्षामा १७ प्रतिशत विद्यार्थीको पहुँच रहेको र उच्चशिक्षाका लागि विदेश जाने विद्यार्थी वृद्धि भएकाले उच्चशिक्षाको राष्ट्रिय क्यालेण्डर ल्याएर विद्यार्थीलाई आकर्षण दिन खोजिएको सचिव सुवेदीले बताउनुभयो ।

बैठकमा सांसद्हरूले स्वदेशका लागि केही गर्न सक्ने सक्षम जनशक्ति उत्पादना गर्न उचित पाठ्यक्रम निर्माण, समयमा परीक्षा र समयमा परीक्षाफल प्रकाशन गर्ने गरी प्रबन्ध गर्न सुझाव दिनुभएको छ। रासस

# विकासका लागि पूर्वाधार निर्माण पहिलो सर्त : प्रधानमन्त्री दाहाल



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको आर्थिक विकासका लागि भौतिक पूवार्धार निर्माण पहिलो सर्त भएको बताउनुभएको छ । नेपाल इन्जिनियर्स एसोसिएसनको ६१औँ वार्षिकोत्सवलाई बुधबार सम्बोधन गर्दै उहाँले समाजवादको आधार तयार पार्न पूर्वाधार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

आन्तरिक स्रोत साधन कम भएको नेपाल विकास बजेट चालु खर्चको तुलनामा न्यून रहेको उल्लेख गर्दै उहाँले न्यून बजेट पनि समयमा खर्च गर्न नसक्नु विडम्बना रहेको बताउनुभयो । विकास बजेटको ठूलो हिस्सा असारमा खर्च हुने गरेको यथार्थ स्वीकार गर्दै उहाँले असारमा गरिएका विकास र निर्माण गरिएका पूर्वाधारमा मनसुनको बाढी र पहिराले क्षति पुऱ्याउने बताउनुभयो ।

प्रधानमन्त्री दाहालले बनेका पूर्वाधार संरचना पनि नटिक्ने र दुर्लभ स्रोतको पनि सदुपयोग नहुने असारे विकासको प्रवृत्तिलाई त्याग्नैपर्ने बताउनुभयो । उहाँले समयमै निर्माणको थालनी नहुने अवस्थाको समाधानका लागि कानुनी, संरचनागत र प्रक्रियागत समस्या र त्रुटिमा सहजीकरण गर्न सरकार तत्पर रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विकासमा प्रत्यक्ष संलग्न इञ्जिनियरले हरेक वर्ष ल्याइने बजेटमा उल्लेख भएका विकास आयोजना समयमा नै सुरु गरेर समयमा नै निर्धारित बजेटको सीमाभित्र रहेर गुणस्तरीय रूपमा सम्पन्न गर्ने उपायको खोजीको पहल गर्ने विश्वास गरेको छु ।"

> *विकास र पूर्वाधार बिना आर्थिक उन्नति सम्भव नरहेको जनाउँदै उहाँले विकासका लागि सरकार, निजी क्षेत्र र वैदेशिक लगानी आवश्यक भएको बताउनुभयो। "विकासका लागि सरकारसँग स्रोत कम छ। त्यसैले निजी क्षेत्रको लगानी आवश्यक देखिएको छ।*

विकास र पूर्वाधार बिना आर्थिक उन्नति सम्भव नरहेको जनाउँदै उहाँले विकासका लागि सरकार, निजी क्षेत्र र वैदेशिक लगानी आवश्यक भएको बताउनुभयो । "विकासका लागि सरकारसँग स्रोत कम छ । त्यसैले निजी क्षेत्रको लगानी आवश्यक देखिएको छ । पूर्वाधारको क्षेत्रमा पनि वैदेशिक लगानी आउन सकोस्, राजस्व तथा लगानी पनि बढोस् र ठूला पूर्वाधारमा विदेशी लगानी पनि आओस्", उहाँले भन्नुभयो ।

विकासको गति तीव्र भएपछि नै मुलुकको आर्थिक अवस्थामा सुधार आउने विश्वास व्यक्त गर्दै उहाँले आम नेपालीको मुहारमा खुसी ल्याउन वर्तमान सरकार लागि परेको बताउनुभयो । प्रधानमन्त्री दाहालले वर्तमान सरकार सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकतासहित बदलिएको व्यवस्थाअनुरूप जनताको अवस्था बदल्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले सुशासनको लक्ष्य हासिल गर्न सरकारले भ्रष्टाचारविरोधी अभियानलाई तीव्रताका साथ अगाडि बढाइरहेको उल्लेख गर्नुभयो । "सरकारको यस अभियानमाजनसमुदायलेदेखाउनुभएको अपार समर्थन र ऐक्यबद्धताप्रति आभार व्यक्त गर्दछु", उहाँले भन्नुभयो ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले अहिले पूर्वाधार र प्राविधिकको युग भएको उल्लेख गर्दै पूर्वाधारको विकासबिना मुलुकको समृद्धिको कल्पना गर्न नसकिने बताउनुभयो । "यो पुस्तामा पूर्वाधारको फराकिलो 'ग्याप' छ, कतिपय ठाउँमा अहिले पनि स्वास्थ्य चौकीसमेत छैन, केही प्रविधिको पछिल्लो विकसितरुपको प्रयोग गर्ने अवस्थामा पनि पुगेका छौँ", उहाँले भन्नुभयो, "यी दुवै सन्दर्भलाई जोड्ने गरी पूर्वाधार र प्रविधिको विकासलाई आर्थिक उन्नतिको आधार बनाउनुपर्छ ।"

अहिलको मुख्य आवश्यकता पूर्वाधार, सम्पर्क सञ्जाल, विद्युतीकरण रहेको उल्लेख गर्दै उहाँले न्यूनतम पूर्वाधारको विकाससँग अन्य विकासका ढोका खुल्ने बताउनुभयो । भौतिक पूर्वाधारलाई समृद्धिको आधारका रूपमा लिइएको जनाउँदैमन्त्रीज्वालालेविकासलाईजनमुखी, गुणस्तरीय र दिगो बनाउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा प्रधानमन्त्री दाहालले विभिन्न विधामा उत्कृष्ट इन्जिनियरलाई सम्मान गर्नुभएको थियो। रासस

# प्रस्तावित राजदूतको संसदीय सुनुवाइ प्रक्रिया अघि बढाउने निर्णय

काठमाण्डु । सङ्घीय संसद्, संसदीय सुनुवाइ समितिले परराष्ट्र सेवाका छ जना प्रस्तावित राजदूतको संसदीय सुनुवाइ प्रक्रिया अघि बढाउने निर्णय गरेको छ।

सरकारले गत असार २६ गते लोकबहादुर थापालाई न्यूयोर्कस्थित संयुक्त राष्ट्रका लागि स्थानीय नियोग, रामप्रसाद सुवेदी (स्वीट्जरल्याण्ड), सुधीर भट्टराई (फ्रान्स), घनश्याम लम्साल (कुवेत), तेजबहादुर क्षेत्री



(संयुक्त अरब इमिरेट्स) र धनबहादुर वली (थाइल्याण्ड)का लागि राजदूतमा नाम सिफारिस गरी संसदीय सुनुवाइका लागि पठाएको थियो।

समितिको बुधबार बसेको बैठकले प्रस्तावित व्यक्तिको संसदीय सुनुवाइबारे सर्वसाधारणलाई जानकारी गराउने र उहाँहरूको नाम अनुमोदनका सन्दर्भमा कुनै गुनासो वा सिकायत भए १० दिनभित्र उजुरी गर्न सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरेको छ।

बैठकले प्रस्तावित राजदूतको नाम जानकारी दिने र प्रस्तावित व्यक्ति नियुक्तिका लागि अनुपयुक्त लागेमा सूचना प्रकाशित भएको मितिले १० दिनभित्र स्पष्ट आधार खोली सूचना वा उजुरी दिन सूचना प्रकाशित गर्ने निर्णय गरेको समितिका सदस्य एवं पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो । बैठकको अध्यक्षता गर्दै उहाँले उक्त प्रस्ताव निर्णयार्थ समिति समक्ष प्रस्तुत गर्नुभएकामा सर्वसम्मतिले स्वीकृत गरेको थियो ।

बुधबारको बैठकमा केही सदस्यले भने विगतका संसदीय सुनुवाइमा झैं प्रस्तावित राजदूत सिफारिस गर्ने सन्दर्भमा संविधानको मर्म र भावनाअनुरुप समावेशी सिद्धान्त अपनाउने विषयमा के कसो भएको हो भन्नेबारेमा जिज्ञासा राख्नुभएको थियो । परराष्ट्र सेवा भन्दा बाहिरका व्यक्तिको नाम प्रस्तावित गरिँदा बैठकमा उठेका विषयलाई सरकार र राजनीतिक दलले गम्भिरताका साथ लिनुपर्ने सदस्यहरूको भनाइ थियो।

मन्त्रालयबाट सिफारिस हुँदा केही व्यक्तिलाई दोहोऱ्याइने गरेको, इच्छाएकै स्थानमा पठाइने गरेको तथा केहीले भने त्यो अवसर नपाउने गुनासो रहेकाबारे सदस्यले बैठकलाई जानकारी गराउनुभयो। राजदूत नियुक्तिमा कम्तीमा ५० प्रतिशत नघटाई सेवामा रहेका प्रथम श्रेणी तथा विशिष्ट श्रेणीबाट र बाँकी सेवा बाहिरका कूटनीतिक क्षेत्रमा विशेष योगदान पुऱ्याएका वा जानकार व्यक्तिलाई पठाउने अभ्यास रही आएको छ।

समिति समक्ष प्राप्त हुने उजुरी वा निवेदनका आधारमा स्पष्ट पार्ने मौका प्रदान गर्दै प्रस्तावित राजदूतसँग जिम्मेवारीसम्बन्धी अवधारणा, सोच र रुचिबारे जानकारी लिने प्रचलन रही आएको छ । मुलुकको प्रतिनिधित्व गर्दै तत् तत् मुलुकमा जाने राजदूतले त्यहाँ रहेका नेपालीको हकहित र सुरक्षाको रक्षा गर्ने, आर्थिक समृद्धिका लागि उच्चस्तरीय भ्रमणको आदानप्रदान गराउने, वैदेशिक सहयोग प्राप्त गराउने र लगानी भित्र्याउने कार्य प्राथमिकतामा रहने छ। रासस

# प्रधानमन्त्रीद्वारा बूढीगण्डकी आयोजनाको 'फिल्ड कार्यालय' उद्घाटन

गोरखा । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय गौरवको बूढीगण्डकी जलविद्युत् आयोजनाको फिल्ड कार्यालय उद्घाटन गर्नुभएको छ । गोरखाको गण्डकी गाउँपालिका- ८ सिउरेनीटारमा बुधबार आयोजित कार्यक्रममा उहाँले ताम्रपत्र अनावरण गरेर बूढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेडको फिल्ड कार्यालयको शुभारम्भ गर्नुभएको हो।

यसअघि प्रधानमन्त्री दाहाललगायत उच्च अधिकारीले हेलिकोप्टरमार्फतगोरखारधादिङकोसो आयोजनाबाट हुने डुबान क्षेत्रको अवलोकन गर्नुभएको थियो । प्रधानमन्त्रीका साथमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेत, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, धादिङ र गोरखाका सङ्घीय सांसद्, गण्डकी र बागमती प्रदेशका प्रदेश प्रमुख र मुख्यमन्त्री, मुख्यसचिव, ऊर्जा सचिव र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलगायत हुनुहुन्छ।

कूल एक हजार दुई सय मेगावाट क्षमताको सो आयोजना निर्माणका लागि सरकारले बूढीगण्डकी जलविद्युत् कम्पनी स्थापना गरिसकेको छ। काठमाण्डुस्थित कम्पनीको प्रधान कार्यालय गत असार ३१ गते ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले उद्घाटन गर्नुभएको थियो । प्रधान र फिल्ड कार्यालय उद्घाटनसँगै बूढीगण्डकी आयोजना निर्माणको प्रक्रिया अघि बढेको छ।

सरकारले आयोजना प्रभावितलाई हालसम्म रु ३४ अर्ब ३० करोड बराबरको मुआब्जा वितरण गरिसकेको छ । घर गोठ, बोटबिरुवातर्फ रु छ अर्ब ७० करोड बराबरको मुआब्जा वितरण भइसकेको छ । हाल मुआब्जा वितरणको काम अन्तिम चरणमा पुगेको छ।

आयोजना अगाडि बढाउनका लागि प्रधानमन्त्री प्रचण्डले चासो राख्दै आउनुभएको थियो। चालु आर्थिक वर्षको बजेटमा समेत सो आयोजनाको निर्माण सुरु गर्ने उल्लेख छ। प्रधानमन्त्री प्रचण्डले प्रतिनिधिसभाको बैठक र अन्य सार्वजनिक कार्यक्रममा समेत सो आयोजनाको निर्माण शीघ्र सुरु हुने उल्लेख गर्नुभएको छ । धादिङ र गोरखाका जनप्रतिनिधि र स्थानीयवासीले समेत शीघ्र आयोजनाको काम सुरु गर्न माग गर्दै आएका छन्।

सरकारले आन्तरिक स्रोतको परिचालन गरेरै सो आयोजनाको निर्माण सुरु गर्ने बताउँदै आएको छ । आयोजनाका लागि भनेर पेट्रोलियम पदार्थमा भन्सार विन्दुमै कर उठाउँदै आइएको छ। केही दिन पहिले राष्ट्रियसभाको बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले पूर्वाधार करमार्फत उठेको रकम मुआब्जा वितरण लगायतका काममा खर्च भएको जानकारी गराउनुभएको थियो।

सरकारले चालु आवको बजेटमार्फत वातावरण मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइलाई नै कम्पनीमा रुपान्तरण गरेको हो । गत असार २८ गते कम्पनीको प्रमुख कार्यकारी प्रमुखमा जगत श्रेष्ठलाई नियुक्त गरेको थियो।

आयोजनाबाट धादिङ र गोरखाका करिब ५० हजार मानिस प्रभावित हुनेछन् । आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) सन् २०१४ मा नै फ्रान्सेली कम्पनी ट्याक्टबेलले तयार पारिसकेको छ। लामो प्रतीक्षापछि आयोजना निर्माण हुने विश्वास बढेर गएको जानकारी दिँदै प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले स्थानीयवासीले समेत सकारात्मक रूपमा सहयोग गर्ने बताउनुभयो।

आयोजनामा कूल दुई सय ६३ मिटर अग्लो बाँध निर्माण हुनेछ । त्यसबाट कूल ४५ मिटर लम्बाइको ताल बन्नेछ। धादिङको बेनीघाटबाट दुई किलोमिटर उत्तरमा बाँध निर्माण हुनेछ । बढी बिजुली माग हुने काठमाण्डु, पोखरा, नारायणगढलगायतका 'लोड सेन्टर' नजिकको सो आयोजना आफैँमा महत्वपूर्ण मानिएको छ।

सरकारले २०७९ साल असारमा आयोजना निर्माणका लागि कम्पनी स्थापना गर्ने निर्णय गरेको थियो। लामो समयसम्म स्वदेशी वा विदेशी लगानी भन्नेमा आवश्यक निर्णय लिन ढिलाइ हुँदा प्रक्रिया अगाडि बढ्न सकेको थिएन। नेपालको ऊर्जा सुरक्षाका लागि महत्वपूर्ण मानिएको सो आयोजना निर्माणका लागि सरकारले रु ६० अर्ब अधिकृत पूँजी रहने गरी कम्पनी स्थापना गरेको थियो।

प्रधानमन्त्री प्रचण्डको निर्देशनमा केही दिन पहिले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतको टोलीले आयोजना स्थलको निरीक्षण गर्नुभएको थियो । कम्पनीमा प्राधिकरणको नै शेयर हिस्सा बढी रहनेछ । त्यसका लागि अध्ययन समितिले काम गरिरहेको र आवश्यक निर्णय लिइने बूढीगण्डकी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठको भनाइ छ। रासस

# जी-२० अर्थमन्त्रीस्तरीय सम्मेलनमा अल्पविकसित मुलुकले भोगिरहेका समस्या उठान भए : अर्थमन्त्री महत


काठमाण्डु। अर्थमन्त्री डा प्रकाशशरण महत भारतको गुजरातमा सम्पन्न जी-२० मुलुकका अर्थमन्त्री तथा केन्द्रीय बैंकका गभर्नरस्तरीय तेस्रो सम्मेलनमा सहभागी भएर स्वदेश फर्किनुभएको छ।

बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग आफ्नो भ्रमणबारे जानकारी गराउँदै अर्थमन्त्री महतले अल्पविकसित र विकासोन्मुख मुलुकले भोगिरहेका विभिन्न खालका समस्या तथा चुनौतीबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउन सो सम्मेलन महत्त्वपूर्ण रहेको बताउनुभयो।

"सम्मेलनमा अल्पविकसित देशका समस्यालाई राख्ने महत्त्वपूर्ण अवसर प्राप्त भयो । अल्पविकसित मुलुकले भोग्नुपरेको जलवायु परिवर्तनका समस्या, विश्वव्यापीरूपमा सूचना प्रविधि क्षेत्रको प्रयोगसँगै देखिएका चुनौती, डिजिटल कारोबारको व्यवस्थापन तथा यस्तो कारोबारको नियमनलगायतका विषय उठाइएका छन्", अर्थमन्त्री महतले भन्नुभयो, "डिजिटलरूपमा भइरहेका कारोबारलाई कसरी व्यवस्थापन गर्ने र यसको करसँग जोडिएका विषयमा आफ्ना कुरा राख्ने अवसर पायौँ ।"

अहिले विश्वभर आर्थिक वृद्धिदर न्यून देखिएको र कर्जा प्रवाहसमेत घटिरहेको विषयमा जी-२० मुलुकले पनि चासो देखाएको अर्थमन्त्री महतले बताउनुभयो । त्यस्तै आफ्नो भारत भ्रमणका क्रममा विकास साझेदार र दातृ निकायसँग पनि महत्त्वपूर्ण भेटघाट भएको अर्थमन्त्री महतको भनाइ छ।

"विश्व बैंक, एसियाली विकास बैंकलगायतका दातृ निकायसँग छलफल भएको छ। भारत र चिनियाँ अर्थमन्त्रीसँगको भेटमा द्विपक्षीय लगानी, व्यापारलगायतका विषयमा छलफल भएको छ । भारतका निजी क्षेत्रका उद्योगी व्यवसायीसँग नेपालमा लगानी गर्ने विषयमा महत्त्वपूर्ण भेटघाट रह्यो", अर्थमन्त्री महतले भन्नुभयो । यो सम्मेलनका क्रममा आफूले जलवायु परिवर्तन र यसबाट नेपालले व्यहोरिरहेको क्षतिबारे अन्तर र्राष्ट्रिय समुदायलाई जानकारी गराएको र जलवायु परिवर्तनका कारण सिर्जित समस्या न्यूनीकरणका लागि कसरी विकसित देशले सहयोग गर्नुपर्ने विषय उठाएको पनि मन्त्री महतले जानकारी दिनुभयो। "दिगो विकासमा अन्तर्राष्ट्रिय सहयोगको दायरा कसरी बढाउने, अन्तर्राष्ट्रिय बजारमा देखिएको मूल्यवृद्धिलगायतका अनेकन समस्याबाट जनजीविकामा परेको असरलाई कसरी कम गर्नेलगायतका विषय जी-२० को फोरममा राखेका छौँ", अर्थमन्त्री महतले भन्नुभयो । नेपाल जी-२० मुलुकको सदस्य नरहे पनि उक्त फोरममा सहभागी हुन नेपाललाई आमन्त्रण गरिएको थियो। सम्मेलनमा भारत, अमेरिका, चीन, जापान, फ्रान्स र रसियालगायतका सदस्य राष्ट्र र विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), एसियाली विकास बैंक, एसियाली पूर्वाधार लगानी बैंकजस्ता संस्थाको सहभागिता रहेको थियो।



जी-२० मुलुकका अर्थमन्त्री तथा केन्द्रीय बैंकका गभर्नरस्तरीय यो बैठकमा विश्व अर्थतन्त्र र विश्व स्वास्थ्य, दिगो वित्त र पूर्वाधार विकास, अन्तर्राष्ट्रिय वित्तीय परिदृश्य, अन्तर्राष्ट्रिय कर प्रणाली, वित्तीय समावेशितालगायतका विभिन्न सत्रमा छलफल भएको थियो । त्यस्तै सार्वजनिक ऋण व्यवस्थापनमा सहकार्य, क्रिप्टो कारोबारको नियमन एवं सुपरीवेक्षण, सार्वजनिक पूर्वाधारमा प्रविधिको प्रयोगलगायतका विषय बैठकमा उठाइएको जनाइएको छ। रासस

# सञ्चारमन्त्री शर्मासँग इजरायली राजदूतको शिष्टाचार भेट

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मासँग नेपालका लागि इजरायलका राजदूत हनान गोडर गोल्डबर्गरले शिष्टाचार भेट गर्नुभएको छ । मन्त्रालयमा बुधबार भएको भेटमा उहाँहरूबीच सूचना प्रविधि र कृषि क्षेत्रको विकास लगायतका विविध विषयमा छलफल भएको सञ्चारमन्त्रीको सचिवालयले जनाएको छ।

नेपालले सूचना प्रविधिको विकास र प्रयोगलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै सरकारका प्रवक्ता शर्माले कृषि क्षेत्रमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने विषयमा इजरायलसँग सहकार्य गर्न चाहेको बताउनुभयो । पहिलेको तुलनामा सूचना प्रविधिका क्षेत्रमा नेपालले पनि उल्लेख्य विकास गरेको जानकारी दिँदै उहाँले सरकारले सूचना प्रविधि विकास र प्रयोगलाई प्राथमिकतामा राखेको बताउनुभयो।

सरकारकोनीतितथाकार्यक्रममार्फत सञ्चार क्षेत्रको विकासलाई प्राथमिकता दिइएको उल्लेख गर्दै मन्त्री शर्माले डिजिटल अर्थतन्त्रको विकासका लागि सूचना प्रविधिको विकास सरकारको प्राथमिकतामा रहेको प्रष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "देशभरि सूचना सञ्चारको पहुँच विस्तार तीव्र गतिमा भइरहेको छ, त्यसमा प्रधानमन्त्रीको उच्च प्राथमिकता रहेको छ।"

इन्टरनेटको फोरजी सेवा देशभरि पुर्याउने काम अन्तिम चरणमा पुगेको बताउँदै मन्त्री शर्माले फाइभजी सेवा पनि परीक्षणका क्रममा रहेको बताउनुभयो । नेपालले आफ्नै स्याटेलाइट राख्ने सवाललाई पनि प्रथामिकतामा राखेको उल्लेख गर्दै उहाँले गुणस्तरीय स्याटेलाइट राखेर सूचना प्रविधिको विकासलाई नयाँ आयाम दिने सरकारको तयारी रहेको जानकारी दिनुभयो।रासस

# प्रधानमन्त्री पदका लागि कांग्रेसको दाबी त्याग्ने कुरा, 'बलिदान' वा सोचेको रणनीति

**बीबीसी**

नयाँ दिल्ली । बैंगलोरमा भएको विपक्षी दलको बैठकमा कांग्रेसले प्रधानमन्त्री पद पाउने आफ्नो मनसाय नभएको स्पष्ट पारेको छ भने कांग्रेसले यसलाई विचारधारा र देश बचाउने लडाइ भनेको छ । बैठकमा विपक्षी दलहरुको गठबन्धनको नाम ' भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन (भारत)' राखिएको छ। 'भारत'को अर्को बैठक मुम्बईमा हुनेछ।

कांग्रेस सभापति मल्लिकार्जुन खर्गेले धैरै राज्यमा हामीबीच मतभेद रहेको तर अहिलेका लागि ती विषयलाई पछाडि राखेर देश बचाउनु हाम्रो प्राथमिकता रहेको बताएका छन् । यसबाहेक मल्लिकार्जुन खर्गेले पनि दिल्लीमा भएको एनडीए बैठकमा बयान दिएका छन् । खर्गेका अनुसार एनडीए टुटेको थियो र अब फेरि एकता भई यसका नेताहरू राज्यमा जाँदैछन् ।

कांग्रेसले आफूलाई सत्ताको स्वाभाविक उत्तराधिकारी ठान्दै आएको छ, यस्तो अवस्थामा कांग्रेस कुन रणनीतिमा बलिदानको मुडमा देखिएको र प्रधानमन्त्री पदका लागि कुनै दाबी गरिरहेको छैन भन्ने प्रश्न पनि उठेको छ ।

**कांग्रेस किन चाहँदैन प्रधानमन्त्री ?**

कांग्रेसको राजनीतिलाई नजिकबाट जान्ने वरिष्ठ पत्रकार रसिद किदवई कांग्रेसले विपक्षी एकताका लागि एक किसिमको त्याग गरिरहेको र यो भावनात्मक निर्णय नभएको बताउँछन् । रशीद किदवई भन्छन्, "कांग्रेसका नेताहरू स्वतन्त्रता संग्रामदेखि नै यति समर्पित भएका छन् कि कांग्रेसको भिजन पेपरमा 'शासनका लागि प्राकृतिक पार्टी' लेखिएको थियो। तर अहिले राहुल गान्धीले कयौं पटक भन्छन्, पहिले आफूलाई त्यसको योग्य बनाऊ अनि इच्छा गर । जब कांग्रेसले लोकसभामा ज्ञण्ण-ज्ञछण सीटहरू प्राप्त गर्न सफल हुन्छ, त्यो त्यही दिन प्रधानमन्त्रीको उम्मेदवार बन्नेछ ।

वरिष्ठ पत्रकार नीरजा चौधरीले २०१४ र २०१९ को चुनावमा प्रतिपक्षले त्यस्तो गम्भीरता नदेखेको बताउँछिन्, तर अहिले भाजपा तेस्रो पटक सत्तामा आयो भने आफ्नो अस्तित्व समाप्त हुने धैरै दलले महसुस गर्न थालेका छन् ।

नीरजा चौधरीका अनुसार अन्य प्रतिपक्षी दलको मनमा पनि कांग्रेसप्रतिको डर कम होस् भन्नका लागि यो कांग्रेसले सोचेको रणनीति हो । मलाई लाग्छ अहिले राहुल र सोनिया गान्धीले पनि अवस्था बुझिरहेका छन्।

अर्कोतर्फ वरिष्ठ पत्रकार प्रमोद जोशीले कांग्रेसले प्रधानमन्त्री पदमा चासो नदेखाउनु रणनीतिको हिस्सा भएको बताउँछन्, कांग्रेसको त्यस्तो चाहना नहुने सम्भावना छैन । प्रमोद जोशी भन्छन्, "यसको अर्को कारण कांग्रेसले चुनाव मोदी बनाम राहुल गान्धी होस् भन्ने चाहँदैन, जसरी यसलाई पछाडि छोड्न सक्छ। व्यक्ति र व्यक्तित्वको सट्टा यो निर्वाचन मुद्दामा होस् भन्ने कांग्रेस चाहन्छ । प्रमोद जोशीले यो गठबन्धनको नाम पनि काङ्ग्रेसले राखेको हुनाले यसको दुई आद्याक्षर 'भारतीय' भएको मानिन्छ ।

**कांग्रेसको नरम अडान**

बैंगलोरमा सोमबार र मंगलबार भएको विपक्षी बैठकमा २६ दल र पटनामा भएको विपक्षी दलको पहिलो बैठकमा १५ दलको सहभागिता थियो । यसको उद्देश्य २०२४ को लोकसभा चुनावमा भाजपा र नरेन्द्र मोदीलाई एकजुट भएर चुनौती दिने हो । बेंगलुरु बैठकमा सीपीआई (माले) का महासचिव दिपङ्कर भट्टाचार्य पनि उपस्थित थिए। दिपङ्करले बीबीसीलाई भने, 'राहुल गान्धीले भनेका छन् कि यो मूलतः विचारधाराको लडाइ हो ।

यो गठबन्धनमा कांग्रेस सबैभन्दा ठूलो दल भए पनि उनको मनोवृत्ति निकै नरम रहेको छ । राजनीतिक मामिलाका जानकार तथा टाटा इन्स्टिच्युट अफ सोशल साइन्सका पूर्व प्राध्यापक पुष्पेन्द्र कुमार पनि यसमा कांग्रेसको रोचक रणनीति देख्छन् । पुष्पेन्द्र कुमार भन्छन्, ' यो गठबन्धनमा अरु धैरै दलका महत्वाकांक्षी नेता छन् र गुजराल र देवेगौडाको अवस्थालाई अगाडि राखिएको छ, अर्थात् चुनावपछि जो कोही प्रधानमन्त्री बन्न सक्छ ।

एचडी देवगौडा र त्यसपछि इन्द्र कुमार गुजराल ज्ञढढट र ज्ञढढड को बीचमा लोकसभामा कुनै पनि दलले बहुमत नपाएका कारण भारतको प्रधानमन्त्री बने। कांग्रेसको समर्थनमा उनको सरकार बनेको थियो । गुजराल वा देवेगौडा युग फेरि नआउने सम्भावना नभएको पुष्पेन्द्र कुमारको विश्वास भए पनि यो प्रलोभनले विपक्षी नेताहरूलाई एकै ठाउँमा राख्न सक्छ ।

**'भारत' नामको पछाडि के छ ?**

बेंगलुरु बैठकपछि कांग्रेस अध्यक्षले मुम्बईमा हुने अर्को बैठकमा गठबन्धनका ११ सदस्यीय समन्वय समिति गठन गरी गठबन्धनको संयोजक मुम्बईमै तय गरिने बताएका छन् ।

'भारत' को समन्वय समितिमा ठूला दलका सदस्यलाई समावेश गर्न सकिने बताइएको छ । यसमा कांग्रेस, टीएमसी, आप, शिवसेना, एनसीपी, वामपन्थी र समाजवादी पार्टी जस्ता दलका सदस्य हुन सक्छन् । विपक्षी गठबन्धनले आफ्नो नाम निकै चाखलाग्दो राखेको नीरजा चौधरी भन्छिन्, अहिलेसम्म संविधान र लोकतन्त्र जोगाउने कुरा जनतासम्म पुग्न सकेको छैन, तर 'भारत' सबैले बुझ्नेछन् । नीरजा चौधरीका अनुसार अब विपक्षीहरुले एनडीए बनाम भारत, नरेन्द्र मोदी बनाम भारत भन्नेछन् । भारतको विचार हाम्रो हो। अब आम जनताले बुझ्नेछन् ।

प्रमोद जोशी भन्छन्, 'नयाँ गठबन्धन युपीए होइन भन्ने स्पष्ट छ । यसमा आम आदमी पार्टी, तृणमूल कांग्रेस र वामपन्थी दलहरू पनि छन्। यो नयाँ समूह हो। सोनिया गान्धी यसको अध्यक्ष र नितिश कुमार संयोजक हुने सम्भावना छ । प्रमोद जोशी एउटा रणनीति र अर्को रणनीति हो भन्ने विश्वास गर्छन्, अहिले कांग्रेसले जे स्वीकार गरिरहेको छ त्यो आफ्नो इच्छा होइन रणनीति हो र यो 'भारत' पनि कांग्रेसले दिएको जस्तो देखिन्छ किनभने यसको पहिलो दुई शब्द 'इन्डियन नेशनल' बाट आएको हो । कांग्रेस पार्टीको आद्याक्षर ।

भाजपासँगको गठबन्धनमा नदेखेको नयाँ गठबन्धनमा सबै महत्वपूर्ण हुनेछन् भन्ने सन्देश कांग्रेसले अन्य दलका नेताहरूलाई दिन खोजेको पुष्पेन्द्रकुमारको विश्वास छ । उनी भन्छन्, "उत्तर पूर्वी राज्यहरूमा फरक परिस्थितिका कारण हिमन्त विश्व शर्माले पक्कै पनि केही पाए, नत्र कांग्रेस छोड्नेहरूले भाजपामा केही पाएनन्। ज्योतिरादित्य सिन्धियालाई हेर ।"

**दीर्घकालीन रणनीति**

विपक्षी दलहरूको गठबन्धनको सीधा उद्देश्य विगतको चुनावमा भाजपालाई मत बाँडफाँडका कारण फाइदा भएको राज्यहरूमा मत बाँडफाँड रोक्नु हो। बिहार (४० सिट), उत्तर प्रदेश (८०), पश्चिम बंगाल (४२), महाराष्ट्र (४८), झारखण्ड (१४) र दिल्ली जस्ता राज्यहरूमा विपक्षी एकताका कारण आगामी लोकसभा चुनावमा यसले भाजपालाई सहयोग पुग्ने उनीहरूको विश्वास छ। (७) कठिनाइ आउन सक्छ ।

२०१९ लोकसभा चुनावमा, बीजेपीले यी राज्यहरूमा कुल द्दघज्ञ सीटहरू मध्ये ज्ञद्धद्द लोकसभा सीटहरू जितेको थियो। भाजपाले ती चुनावहरूमा कुल घण्घ सीटहरू जित्यो र आफ्नै बलमा स्पष्ट बहुमत प्राप्त गर्यो। यदि यी राज्यहरूमा विपक्षीहरूको एकताले भाजपालाई नोक्सान पुऱ्याउँछ र यसबाहेक कर्नाटक र छत्तीसगढ जस्ता राज्यहरूमा कांग्रेसले आफ्नै बलमा भाजपाबाट केही सीटहरू खोस्छ भने त्यो विपक्षी गठबन्धनको ठूलो सफलता हुनेछ ।

अर्थात् कांग्रेसले अहिले सामना गरिरहेका समस्या समाधान गरिरहेको छ र यसको दीर्घकालीन रणनीति फरक हुनेछ । रसिद किदवई भन्छन् कि कांग्रेस गैरकांग्रेस प्रतिपक्षी दलहरू अर्थात द्दछ दलहरू मिलेर द्दण्ण सिट पुग्न सक्छ र यदि कांग्रेसले ज्ञण्ण सिट पनि प्राप्त गर्यो भने आफैं सत्ताको दावेदार बन्नेछ ।

पुष्पेन्द्र कुमार भन्छन्, "कांग्रेसले सय सिट पनि पाउन चाहन्छ भने ठूलो अन्तरले प्रतिपक्षको सबैभन्दा ठूलो दल बन्नेछ, किनभने त्यसपछि कोही पनि दोस्रो स्थानमा यताउता दौडने छैनन् । तर यसका लागि तत्कालका लागि प्रतिपक्ष एकजुट हुनु जरुरी छ । अर्थात् निर्वाचनको नतिजा आएपछि कांग्रेसमा नयाँ वार्ता गर्ने क्षमता हुनेछ । त्यसैले उनी अहिले विपक्षी गठबन्धनलाई एकताबद्ध र बलियो बनाउन जोड दिइरहेका छन् ।




*'भारत' को समन्वय समितिमा ठूला दलका सदस्यलाई समावेश गर्न सकिने बताइएको छ । यसमा कांग्रेस, टीएमसी, आप, शिवसेना, एनसीपी, वामपन्थी र समाजवादी पार्टी जस्ता दलका सदस्य हुन सक्छन् । विपक्षी गठबन्धनले आफ्नो नाम निकै चाखलाग्दो राखेको नीरजा चौधरी भन्छिन्, अहिलेसम्म संविधान र लोकतन्त्र जोगाउने कुरा जनतासम्म पुग्न सकेको छैन, तर 'भारत' सबैले बुझ्नेछन् । नीरजा चौधरीका अनुसार अब विपक्षीहरुले एनडीए बनाम भारत, नरेन्द्र मोदी बनाम भारत भन्नेछन् । भारतको विचार हाम्रो हो । अब आम जनताले बुझ्नेछन् ।*

# नेपालको तेस्रो जित

**टुडे समाचारदाता**

काठमाण्डु । एसीसी इमर्जिङ टिम्स एसिया कप क्रिकेट प्रतियोगिताको बुधबार खेलिएको समूहगत चरणको आफ्नो अन्तिम खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (यूएई) लाई तीन विकेटले हराएको छ । एसीसी इमर्जिङ टिम्स एसिया कपको इतिहासमा नेपालले हासिल गरेको यो केवल तेस्रो जित हो । यसअघि एसीसी इमर्जिङ टिम्स एसिया कपमा नेपालले दुई पटक हङ्कङलाई हराएको थियो ।

एसीसी इमर्जिङ टिम्स एसिया कप श्रीलंकामा आयोजना भइरहेको छ । नेपाल र यूएई दुबै टोली उपाधि होडबाट भने यसअघि नै बाहिरिइसकेका छन् । समूह 'बी' मा नेपाल तेस्रो र यूएई चौथो भए । उक्त समूहबाट भारत र पाकिस्तान नकआउट चरणमा पुगिसकेका छन् । अहिले समूह विजेताका रुपमा सेमिफाइनलमा स्थान बनाउन भारत र पाकिस्तानबीच खेल भइरहेको छ ।




समूह 'ए' बाट भने दुई टेस्ट राष्ट्र श्रीलंका र बंगलादेश नकआउट चरणमा पुगिसकेका छन् । चार–चार अंक जोडेको श्रीलंका पहिलो र बंगलादेश दोस्रो हुँदै सेमिफाइनलमा पुगेका हुन् । चार अंक नै जोडे पनि श्रीलंका र बंगलादेशसँग नेट रन रेटमा पछाडि परेको अफगानिस्तान समूहगत चरणबाटै बाहिरिएको थियो । चौथो स्थानमा रहेको ओमानले भने एक खेल पनि जित्न सकेन ।

टस जिती पहिले ब्याटिङको निर्णय लिएको यूएईले यूएईले ४४ ओभरमा अलआउट हुनुअघि एक सय ५७ रन बनायो । जवाफी ब्याटिङमा ओर्लिएको नेपालले २३ ओभरमा सात विकेट गुमाएर विजय लक्ष्य पार गरेको थियो ।

नेपालको जितमा कुशल भुर्तेलले अलराउन्ड प्रदर्शन गरे । उनले बलिङमा ६ विकेट लिए भने ब्याटिङमा अर्धसतकीय पाली पनि खेले । उनले टोलीका लागि ७१ रनको योगदान गरे । ओपनर भुर्तेलले ४३ बलको सामना गरी चार छक्का र नौवटा चौका हिर्काएका थिए । त्यसअघि उनले ३२ बलमा आफ्नो अर्धसतक पूरा गरेका थिए । उनले दुई छक्का र आठ चौकाको मद्दतले अर्धसतक पूरा गरेका थिए ।

टोलीका लागि देव खनाले २४ रनको योगदान गरे । चौथो नम्बरमा क्रिज समाल्न आएका सन्दीप जोराले पनि २४ रनकै योगदान गरेका थिए । सन्दीपले केवल १५ बलको सामना गरी दुई छक्का र एक चौका प्रहार गरेका थिए । गुल्सन झाले पनि ११ रन बनाए । कप्तान रोहित पौडेल नौ रनमा आउट भए । प्रतिस जीसीले अविजित आठ रन बनाए । उनले केवल तीन बलको सामना गरी दुई चौका हिर्काएका थिए । कुशल मल्ल दुई रनमा अविजित रहे ।

नेपालले पहिलो ओभरको पहिलो बलमै विकेट गुमाएको थियो । नेपालको पहिलो विकेटका रुपमा विकेटकिपर ब्याट्सम्यान अर्जुन साउद पेभेलियन फर्किएका थिए । उनलाई यूएईका बलर मुहम्मद जवादुल्लाहले एलबीडब्लू आउट गराएका थिए । नेपालका दोस्रो विकेटका रुपमा ओपनर ब्याट्सम्यान कुशल भुर्तेल पेभेलियन फर्किएका थिए । उनी ७१ रन बनाएर आउट भएका थिए । उनले ४३ बलको सामना गरी चार छक्का र नौवटा चौका पनि हिर्काएका थिए ।

त्यसअघि उनले ३२ बलमा आफ्नो अर्धसतक पूरा गरेका थिए । उनले दुई छक्का र आठ चौकाको मद्दतले अर्धसतक पूरा गरेका थिए । कुशल भुर्तेलको विकेट यूएईका बलर मोहम्मद फराजुद्दिनले लिएका हुन् । फराजुद्दिनले कुशल भुर्तेललाई फहाद नवाजद्वारा क्याच गराएका थिए । कुशल भुर्तेल आउट हुँदा नेपालले १२.६ ओभरमा ९८ रन बनाएको थियो ।

नेपालले तेस्रो विकेटका रुपमा देव खनाललाई गुमाएको थियो । उनी ३७ बलमा चार चौकाको मद्दतले २४ रन बनाउँदै आउट भएका थिए । उनलाई यूएईका बलर मोहम्मद फराजुद्दिनले एलबीडब्लू आउट गराएका हुन् । देव आउट हुँदा नेपालले १४.५ ओभरमा एक सय तीन रन बनाएको थियो । त्यतिबेला नेपाललाई जितका लागि थप ५५ रन आवश्यक थियो ।

चौथो विकेटका रुपमा नेपालका सन्दीप जोरा आउट भएका थिए । उनी १५ बलमा दुई छक्का र एक चौकाको मद्दतले २४ रन बनाउँदै पेभेलियन फर्किए । उनलाई यूएईका बलर मोहम्मद फराजुद्दिनले अली नासिरद्वारा क्याच गराए । सन्दीप आउट हुँदा नेपालले १६.२ ओभरमा एक सय २४ रन बनाएको थियो । त्यतिबेला नेपाललाई जितका लागि थप ३४ रन आवश्यक थियो ।

पाँचौं विकेटका रुपमा गुल्सन झा ११ रन बनाउँदै आउट भएका थिए । उनको विकेट मोहम्मद फराजुद्दिनले लिएका हुन् । विकेटकिपर आर्यान्स शर्माद्वारा स्टम्पिङ भएका थिए । उनी आउट हुँदा नेपाललाई जितका लागि एक सय ७५ बलमा नौ रन आवश्यक थियो ।

छैटौं विकेटका रुपमा कप्तान रोहित पौडेल आउट भएका थिए । उनी नौ रन बनाउँदै आउट भएका थिए । उनलाई मुहम्मद जवालुद्दिनले आर्यान्स शर्माद्वारा क्याच गराएका थिए । उनी आउट हुँदा नेपालले २१.१ ओभरमा एक सय ४९ रन बनाएको थियो । सातौं विकेटका रुपमा पवन सर्राफ आउट भएका थिए । उनले खातासम्म खोल्न सकेनन् । उनको विकेट मोहम्मद फराजुद्दिनले लिएका हुन् । उनी फराजुद्दिनको बलमा बोल्ड हुँदा नेपाललाई जितका लागि एक सय ६५ बलमा सात रन आवश्यक थियो ।

*नेपालको जितमा कुशल भुर्तेलले अलराउन्ड प्रदर्शन गरे । उनले बलिङमा ६ विकेट लिए भने ब्याटिङमा अर्धसतकीय पाली पनि खेले । उनले टोलीका लागि ७१ रनको योगदान गरे । ओपनर भुर्तेलले ४३ बलको सामना गरी चार छक्का र नौवटा चौका हिर्काएका थिए । त्यसअघि उनले ३२ बलमा आफ्नो अर्धसतक पूरा गरेका थिए । उनले दुई छक्का र आठ चौकाको मद्दतले अर्धसतक पूरा गरेका थिए ।*

त्यसअघि नेपालले यूएईबाट एक सय ५८ रनको लक्ष्य पाएको थियो । पालीको गतिलो सुरुआत गरे पनि २० ओभरपछि यूएईका ब्याट्सम्यानहरु नेपाली बलरको दबाबमा परेका थिए । त्यसपछि यूएईका ब्याट्सम्यानहरु एकपछि अर्को गर्दै पेभेलियन फर्किएका थिए ।

यूएईलाई सामान्य स्कोरमा समेटन नेपाली बलर कुशल भुर्तेलले उत्कृष्ट प्रदर्शन गरे । उनी एक्लैले ६ विकेट लिए । उनले १० ओभरमा केवल ४० रन खर्चिएका थिए । श्याम ढकालले दुई विकेट लिए ।

कुशल मल्लले एक विकेट लिए । पवन सर्राफले पनि एक विकेट हात पारे । कुशल भुर्तेलले 'लिस्ट ए' प्रतियोगितामा नेपालका लागि गरेको यो हालसम्मकै उत्कृष्ट बलिङ हो । अन्तर्राष्ट्रिय एकदिवसीय प्रतियोगितालाई समेत आधार मान्दा भने कुशल भुर्तेलले गरेको यो तेस्रो उत्कृष्ट प्रदर्शन हो ।

यसअघि सन् २०२१ को सेप्टेम्बर १० तारिखमा पपुवा न्युगिनीविरुद्धको अन्तर्राष्ट्रिय एकदिवसीय खेलमा नेपालका स्पिनर सन्दीप लामिछानेले ५.१ ओभरमा ११ रन खर्चिएर ६ विकेट लिएका थिए । त्यसअघि सन् २०२० को फेब्रुअरी १२ तारिखमा खेलिएको अमेरिकाविरुद्धको अन्तर्राष्ट्रिय एकदिवसीय खेलमा सन्दीपले नै ६ ओभरमा १६ रन खर्चिएर ६ विकेट लिएका थिए ।

बुधबारको खेलमा पहिले ब्याटिङ गरेको यूएईका लागि ओपनर ब्याट्सम्यान लभप्रित सिंहले अर्धसतक बनाए । उनले टोलीका लागि ५२ रनको योगदान गरे । उनले ८२ बलको सामना गरी एक छक्का र ६ वटा चौका पनि हिर्काएका थिए ।

एथान डिसुजाले १८ रन बनाए । असवन्त भालथपाले टोलीको खातामा १६ रन थपे । ओपनर ब्याट्सम्यान आर्यन्स शर्माले १४ रन बनाए । जस जिनयानीले १३ रन जोडे । यूएईका अन्य ब्याट्सम्यानले भने दोहोरो अंकमा रन बटुल्न सकेनन् । यूएईको अन्तिम विकेटका रुपमा निलान्श केशवन नौ रनमा आउट भएका थिए । उनलाई श्याम ढकालले विकेटकिपर अर्जुन साउदद्वारा स्टम्पिङ गराएका थिए ।

यूएईको पहिलो विकेटका रुपमा आर्यान्स शर्मा १४ रन बनाउँदै पेभेलियन फर्किएका थिए । उनको विकेट कुशल मल्लले लिएका थिए । कुशलले उनलाई पवन सर्राफद्वारा क्याच गराएका हुन् । पहिलो विकेट खस्दा यूएईले १०.४ ओभरमा ३९ रन बनाएको थियो ।

यूएईको दोस्रो विकेट पवन सर्राफले लिएका थिए । पवनले यूएईका ब्याट्सम्यान अंश टण्डनलाई तीन रनको ब्यक्तिगत स्कोरमा एलबीडब्लूको धरापमा पारेका थिए । टण्डन आउट हुँदा यूएईले १५.४ ओभरमा ५२ रन बनाएको थियो ।

नेपाली बलर कुशलभुर्तेललेयूएईको तेस्रो विकेट लिएका थिए । उनले यूएईका एथान डिसुजालाई १८ रनको ब्यक्तिगत स्कोरमा पेभेलियन फर्काएका थिए । उनले एथानलाई एलबीडब्लूको धरापमा पारेका हुन् । तेस्रो विकेट गुमाउँदा यूएईले २४ ओभरमा ९६ रन बनाएको छ ।

चौथो विकेट पनि कुशल भुर्तेलले लिएका थिए । उनले क्रिजमा जमिसकेका यूएईका ब्याट्सम्यान लभप्रित सिंहलाई सन्दीप जोराद्वारा क्याच गराएका थिए । ओपनर ब्याट्सम्यान लभप्रित सिंहले ८१ बलको सामना गरी एक छक्का र ६ वटा चौकाको मद्दतले ५२ रन बनाएका थिए । उनी आउट हुँदा यूएईले २५.५ ओभरमा एक सय ६ रन बनाएको थियो ।

पाँचौं विकेटका रुपमा यूएईका ब्याट्सम्यान फाहद नवाज चार रनको ब्यक्तिगत स्कोरमा आउट भएका थिए । उनी कुशल भुर्तेलको बलमा विकेटकिपर अर्जुन साउदद्वारा स्टम्पिङ आउट भएका थिए । कुशल भुर्तेलले लिएको यो तेस्रो विकेट थियो । फाहद नवाज आउट हुँदा यूएईले २७.५ ओभरमा एक सय १६ रन बनाएको थियो ।

छैटौं विकेटका रुपमा यूएईका कप्तान अली नासिर एक रन बनाउँदै पेभेलियन फर्किएका थिए । उनलाई कुशल भुर्तेलले आउट गराएका थिए । उनको क्याच पनि कुशल भुर्तेलले नै लिएका हुन् । कुशल भुर्तेलले लगातार चौथो विकेट लिएका हुन् । कप्तान अली नासिर आउट हुँदा यूएईले २९.४ ओभरमा एक सय २१ रन बनाएको थियो ।

सातौं विकेटका रुपमा यूएईले असवान्त भलथपालाई १६ रनको ब्यक्तिगत स्कोरमा गुमाएको थियो । उनको विकेट कुशल भुर्तेलले लिएका थिए । कुशल भुर्तेलले उनलाई विकेटकिपर अर्जुन साउदद्वारा स्टम्पिङ गराएका हुन् । कुशल भुर्तेलले लगातार पाँचौं विकेट लिएका हुन् । उनी आउट हुँदा यूएईले ३३.३ ओभरमा एक सय ३१ रन बनाएको थियो ।

यूएईको आठौं विकेट पनि कुशल भुर्तेलले नै लिएका थिए । उनले लगातार ६ विकेट लिएका हुन् । पछिल्लो विकेटका रुपमा उनले यूएईका मोहम्मद फराजुद्धिनलाई चार रनको ब्यक्तिगत स्कोरमा सन्दीप जोराद्वारा क्याच गराका थिए । मोहम्मद फराजुद्धिन आउट हुँदा यूएईले ३५.२ ओभरमा एक सय ३६ रन बनाएको थियो । यूएईको नवौं विकेट भने श्याम ढकालले लिएका थिए । उनले जस जिनयानीलाई १३ रनमा कुशल मल्लद्वारा क्याच गराएका थिए । जस जिनयानी आउट हुँदा यूएईले ४३.२ ओभरमा एक सय ५६ रन बनाएको थियो ।

# युक्रेन सङ्कट समाधानका निम्ति वार्ता कूटनीतिमा भारतको जोड

**एएनआई**

न्यूयोर्क । भारतले युक्रेन सङ्कट समाधानका निम्ति वार्ता कूटनीतिमा जोड दिएको छ । जारी युक्रेन द्वन्द्वप्रति चिन्ता व्यक्त गर्दै भारतले वार्ता कूटनीतिमा जोड दिएको हो ।

संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि रुचिरा कम्बोजले संयुक्त राष्ट्रसङ्घको वार्षिक साधारणसभामा भएको युक्रेन बहसमा जारी द्वन्द्वप्रति भारतको गहिरो चासो व्यक्त गर्दै शत्रुताको तत्काल अन्त्य गर्नका साथै वार्ता र कूटनीतिमा फर्कन आग्रह गर्नुभयो । उहाँले यो युद्धको युग नभइ वार्ता र कूटनीतिको भएकाले त्यसकै माध्यमबाट सङ्कटको निकास खोजिनुपर्नेमा उहाँले जोड दिनुभयो ।



द्वन्द्वका कारण विशेषगरी महिला, बालबालिका र वृद्धवृद्धाहरुको ज्यान गएको, दुवै देशका जनता पीडामा परेका उल्लेख गर्दै संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधिले युक्रेनको अवस्थालाई लिएर भारत चिन्तित भएको बताउनुभयो । उहाँले लाखौं घरबारविहीन भएका, तीमध्ये अधिकांश छिमेकी देशहरूमा शरण लिन बाध्य भएका, नागरिक पूर्वाधारमा भएका आक्रमणले परिस्थितिलाई अझ जटिल एवम् चिन्ताजनक बनाएको बताउनुभयो । उहाँले रुस-युक्रेन द्वन्द्वका कारण उत्पन्न हालैका घटनाक्रमप्रति भारत चिन्तित भएको बताउँदै शान्ति र स्थायित्वका निम्ति दुवै पक्षलाई वार्तामा बस्न आग्रह गर्नुभयो ।

"हामीले शत्रुताको तत्काल अन्त्य, वार्ता र कूटनीतिको मार्गमा तत्काल फर्कनका निम्ति सबै प्रयासहरू गर्न आग्रह गरेका छौं। हामी सबैले सदस्यता लिने विश्वव्यापी व्यवस्था अन्तरराष्ट्रिय कानून, संयुक्त राष्ट्रसङ्घको बडापत्र र क्षेत्रीय अखण्डताको सम्मानमा आधारित भएकाले सबै राज्यको सार्वभौमसत्ताको सम्मान हुनुपर्नेमा भारत दृढ छ," रुस र युक्रेनबीच पुनः मैत्री कायम गर्दै उक्त क्षेत्रमा शान्ति कायम गनै वार्ताको विकल्प नभएको भारतीय अवधारण प्रस्तुत गनर्दै स्थायी प्रतिनिधिले भन्नुभयो ।

प्रधानमन्त्री नरेन्द्र मोदीले युक्रेन र रुसका शीर्ष नेतालाई ' यो युद्धको युग होइन' भन्ने कुरामा जोड दिनुभएको दोहोऱ्याउँदै स्थायी प्रतिनिधिले कम्बोजले मानव जीवनको मूल्यमा कुनै पनि हालतमा समाधान हुन नसक्ने विषयमा निरन्तर आवाज उठाएको तथा बढ्दो हिंसाले कसैको हित नहुने भएकाले मतभेद र विवाद समाधानको एक मात्र उपाय कूटनीति र वार्ता नै भएको बताउनुभयो । शान्ति स्थापनाका निम्ति कूटनीतिका सबै माध्यम खुला राख्न आवश्यक भएको उहाँले बताउनुभयो ।

# 'सिपेक सफल एवम् परिवर्तनकारी परियोजनाको बनेको छ'

**सिन्ह्वा**

इस्लामाबाद । चीन-पाकिस्तान आर्थिक करिडोर (सिपेक)आफ्नो देशको लागि सबैभन्दा सफल र परिवर्तनकारी परियोजना साबित भएको उल्लेख गर्दै एक जना उच्च पाकिस्तानी अधिकारीले त्यसबाट क्षेत्रीय सम्पर्क विस्तारका साथै आर्थिक समृद्धिको नयाँ युगको सुरुवात भएको बताएका छन् ।

इस्लामावाद नीति अनुसन्धान संस्थानद्वारा 'चीन-पाकिस्तान आर्थिक करिडोरः क्षेत्रीय सम्पर्क सञ्जालका लागि प्रवेशद्वार' विषयमा आयोजित कार्यशालामा पाकिस्तानका योजना विकासमन्त्री अहसान इकबालले सिपेकका कारण देशमा परिवर्तनकारी प्रभाव परेको बताउनुभयो । उहाँले परियोजना सुरु भएको तीन वर्षमा पाकिस्तानमा सर्वाधिक प्रत्यक्ष विदेशी लगानी चीनबाट प्राप्त भएको बताउनुभयो ।

अर्बौं डलरको परियोजना कार्यान्वयन गरेर चीन पाकिस्तानको प्रमुख आर्थिक साझेदार बनेको मन्त्री इकबालले बताउनुभयो । सिपेकलाई पाकिस्तानका निम्ति कायापलट गर्ने परियोजनाका रूपमा व्याख्या गर्दै उहाँले परियोजनाबाट ऊर्जा अभाव हटाउन तथा सडक र रेल पूर्वाधार स्थापनामा मद्दत पुगेको बताउनुभयो । विशेष गरी दक्षिणपश्चिम ग्वादर जिल्लामा सामाजिक-आर्थिक विकासलाई बढावा दिन विशेष आर्थिक क्षेत्र (सेज) र सामाजिक कल्याण परियोजनाहरू पनि कार्यान्वयन भएका जानकारी दिँदै मन्त्री इकबालले यापार वृद्धि गर्न सेजको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । चीनले सिपेक परियोजनाअन्तर्गत आर्थिक क्षेत्रको सफल कार्यान्वयनमा मद्दत गर्न तथा प्राविधिक ज्ञान एवम् विशेषज्ञता प्रदान गर्दै पाकिस्तानको निर्यात बढाउन सघाएको उहाँले उल्लेख गर्नुभयो ।

"पाकिस्तानले आफ्नो निर्यात बढाउन र सेजको सफल कार्यान्वयनमा चिनियाँ सहयोग चाहेको छ," योजना विकासमन्त्रीले भन्नुभयो । उहाँले सिपेकको दोस्रो चरणमा दुवै देशका व्यापार-व्यवसायबीचको सहयोगमा जोड दिँदै सरकारले सहजकर्ताको भूमिका निर्वाह गर्ने स्पष्ट गर्नुभयो । उहाँले सिपेकअन्तर्गत अब औद्योगिक सहयोगतर्फ अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।



महोत्तरीको जिल्ला वन कार्यालयमा तयार गरिएको विभिन्न बोट बिरूवाको नर्सरी। *तस्विर : रासस*

# पूर्वीनाकाबाट बढ्यो कृषिजन्य वस्तुको निर्यात



झापा । पूर्वी नाका काँकडभिट्टाबाट कृषिजन्य वस्तु अलैँची, चिया, अदुवा र अम्रिसोको निर्यात बढेको छ । मेची भन्सार कार्यालय प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीका अनुसार आर्थिक वर्ष २०७९/८० मा रु आठ अर्ब २४ करोड १५ लाख १३ हजार मूल्य बराबरको ९९ लाख ३१ हजार ५०४ केजी अलैँची भारत निकासी भएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा सोही अवधिमा रु चार अर्ब ७६ लाख ४३ हजार ८९ हजार मूल्य बराबरको ५२ लाख ८० हजार चार सय ४३ केजी अलैँची भारत निकासी भएको थियो । गत आवको तुलनामा आर्थिक वर्ष २०७९/८० मा अलैँचीको निर्यात ४२ प्रतिशतले वृद्धि भएको हो । अर्थात् तुलनात्मक रूपमा रु तीन अर्ब ४७ करोड ७१ लाख २४ हजार मूल्य बराबरको अलैँची निर्यात वृद्धि भएको छ ।

यसैगरी, गत आवको तुलनामा आर्थिक वर्ष २०७९/८० मा तयारी चियाको निर्यात १६ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७९/८० मा रु तीन अर्ब ४२ करोड ६९ लाख ५२ हजार मूल्य बराबरको एक करोड ६० लाख ७८ हजार ६३ केजी चिया निर्यात भएको प्रमुख भन्सार अधिकृत रेग्मीले बताउनुभयो ।

उहाँले अघिल्लो वर्षको तुलनामा रु ५५ करोड २३ लाख ४२ हजार मूल्य बराबरको चिया निर्यात वृद्धि भएको बताउनुभयो । आव २०७८/७९ मा रु दुई अर्ब ८७ करोड ४६ लाख १० हजार मूल्य बराबरको एक करोड १७ लाख १३ हजार छ सय ५९ केजी चिया निर्यात भएको थियो ।

अदुवा र अम्रिसोको निर्यात समेत बढेको छ । आर्थिक वर्ष २०७९/८० मा रु ६३ करोड ९२ लाख २९ हजार मूल्य बराबरको एक करोड ५५ लाख ४२ हजार नौ सय ३० केजी अदुवा निर्यात भएको प्रमुख भन्सार अधिकृत रेग्मीले बताउनुभयो ।

उहाँका अनुसार अघिल्लो वर्षको तुलनामा रु ३० करोड २३ लाख छ हजार मूल्य बराबरको अदुवा निर्यात वृद्धि भएको छ। आव २०७८/७९ मा रु ३३ करोड ६९ लाख २३ हजार मूल्य बराबरको एक करोड चार लाख ५८ हजार ७० केजी अदुवा निर्यात भएको थियो ।

अदुवाको निर्यात ४७ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, आर्थिक वर्ष २०७९/८० मा रु ८६ करोड ४३ लाख मूल्य बराबरको एक करोड १९ लाख ७३ हजार ९८० केजी अम्रिसो भारततर्फ निकासी भएको छ । प्रमुख भन्सार अधिकृत रेग्मीका अनुसार अघिल्लो वर्षको तुलनामा रु २३ करोड ५३ लाख १९ हजार मूल्य बराबरको अम्रिसो निर्यात वृद्धि भएको छ। आव २०७८/७९ मा रु ६२ करोड ८९ लाख ८१ हजार मूल्य बराबरको एक करोड २४ लाख ४३ हजार २४५ केजी अदुवा निर्यात भएको थियो । अम्रिसोको निर्यात २७ प्रतिशतले वृद्धि भएको छ ।

**प्लाइउड र छुर्पीको निर्यात उत्साहजनक**

पूर्वी नाकाबाट निकासी हुने वस्तुमा प्लाइउड र छुर्पीको योगदान उच्च रहेको छ । गत आवको तुलनामा आर्थिक वर्ष २०७९/८० मा यी दुई वस्तुको निर्यात अत्यन्त उत्साहजनक रहेको छ । मेची भन्सार कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा रु एक अर्ब ९९ करोड १० लाख ११ हजार मूल्य बराबरको प्लाइउड निकासी भएको छ । जवकी आर्थिक वर्ष २०७८/७९ मा रु १० करोड ८० लाख ५७ हजार मूल्य बराबरको प्लाइउड निकासी भएको थियो ।

यसैगरी, आर्थिक वर्ष २०७९/८० मा रु एक अर्ब १० करोड ८१ लाख ११ हजार मूल्य बराबरको छुर्पी निकासी भएको छ । जवकि आर्थिक वर्ष २०७८/७९ मा रु आठ करोड ४३ लाख ३५ हजार मूल्य बराबरको छुर्पी निकासी भएको थियो । कोशी प्रदेशका झापा, इलाम, पाँचथर लगायतका विभिन्न जिल्लामा चियाको उत्पादन हुने गरेको छ भने पहाडी भेगका इलाम, पाँचथर, ताप्लेजुङ, धनकुटा, तेह्रथुम, भोजपुरलगायतका जिल्लामा अलैँची, अदुवा, अम्रिसो, छुर्पी जस्ता कृषिजन्य बस्तुको उत्पादन हुने गरेको छ ।

पहाडी जिल्लामा कच्चापदार्थ उत्पादन भए तापनि अलैँची, अदुवा, अम्रिसो र प्लाइउडको प्रशोधन, भण्डारण र ब्राण्डिङ भने झापामा हुँदै आएको छ । रासस

# एनआइसी एशिया बैंकले ल्यायो 'मुद्दती खाता कर्जा'

**टुडे समाचारदाता**

काठमाण्डु । एनआइसी एशिया बैंकले मुद्दती खातामा आधारित अनलाइन कर्जा नामको अर्को एक योजना ल्याएको छ। यस योजनाअन्तर्गत बैंकमा मुद्दती निक्षेप राखेका ग्राहकहरूले बैंकको मोबाइल बैंकिङ (मो बैंक) एप वा वेबसाइट बाट आवेदन दिई निक्षेपको ९० प्रतिशतसम्म वा अधिकतम २ लाख रुपैयाँसम्मको कर्जा तुरुन्तै प्राप्त गर्न सक्ने बैंकले बताएको छ।

'डिजिटल फर्स्ट बैंक' बन्ने दीर्घकालीन लक्ष्यसहित डिजिटल बैंकिङको प्रवर्द्धन गरिरहेको बैंकले ल्याएको यस कर्जाको लाभ लिन योग्य ग्राहकहरूले मोबाइल बैंकिङ एप वा वेबसाइटमा उपलब्ध 'एप्लाइ फर लोन अगेन्स्ट एफडी' विकल्पमा जान सक्नेछन्। उक्त विकल्प छनौट गरेपछि सिस्टमले आवेदनको मुद्दती खाताको विवरण र निजको खातामा उपलब्ध रकम तत्कालै जानकारी लिनेछ र यसपछि ग्राहकहरूले आफूले चाहेको कर्जा रकमको विवरण भरेपछि २ लाख रुपैयाँसम्मको कर्जाको लागि आवश्यक विवरण भरेपछि ओटिपी कोड प्राप्त हुनेछ।

अब उक्त ओटिपी कोड हालेर सर्त मञ्जुरीमा क्लिक गरेर प्रविष्ट गरेपछि कर्जा रकम ग्राहकहरूको खातामा तुरुन्तै जम्मा हुनेछ। साथै, यस योजनमार्फत २ लाख रुपैयाँभन्दा माथिको कर्जाको हकमा भने लागि ग्राहकहरूले डिजिटल फर्म भरेर यस बैंकको शाखा कार्यालयमा गई आवश्यक प्रकृया पूरा गरेपछि कर्जा प्राप्त गर्न सक्नेछन्।

यसरी मुद्दती खाता कर्जा प्राप्त गर्ने ग्राहकहरूले हरेक त्रैमासको अन्त्यसम्ममा ब्याज भुक्तानी गर्नुपर्ने नियम रहेको छ भने कर्जा लिएको एक वर्ष वा मुद्दती खाता परिपक्व हुने दिनको अघिल्लो दिनसम्म साँवा भुक्तानी गर्नुपर्नेछ। न्यूनतम ५ हजार रुपैयाँ कर्जा सीमा उपलब्ध यस योजनामा ग्राहकहरूले प्राप्त गर्ने कर्जाको अधिकतम सीमा, ब्याजदर, प्रकृया शुल्क, कर्जा भुक्तानी सुविधा, पुनर्तालिकीकरण, सर्तहरूका बारेमा कर्जा लिने प्रकृयाको क्रममा जानकारी प्राप्त गर्न सक्नेछन्।

बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ५१९ एटिएम, १११ वटा विस्तारित काउण्टर एवम् ६५ वटा शाखारहित शाखा सञ्जाल विस्तार गरेको छ।

# सम्पत्ति विवरण बुझाउन राष्ट्रिय सतर्कता केन्द्रको आग्रह

काठमाण्डु । राष्ट्रिय सतर्कता केन्द्रले सार्वजनिक पदधारण गरेका पदाधिकारी तथा कर्मचारीलाई सम्पत्ति विवरण बुझाउन आग्रह गरेको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० अनुसार सार्वजनिक पद धारण गरेका व्यक्तिलाई आव २०७९/८० को सम्पत्ति विवरण बुझाउन आग्रह गरिएको उक्त केन्द्रका सूचना अधिकारी तथा उपसचिव हरिप्रसाद शर्माले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार आर्थिक वर्ष सुरु भएको मितिले ६० दिनभित्र सार्वजनिक जिम्मेवारीमा रहेका पारिश्रमिक पाउने वा नपाउने सम्पूर्ण पदाधिकारी तथा कर्मचारीलाई सम्पत्ति विवरण बुझाउन आग्रह गरिएको हो । सार्वजनिक पद धारण गरेका व्यक्तिले तोकिएको समयभित्र सम्पत्ति विवरण नबुझाएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) बमोजिम कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउने जनाइएको छ । रासस

# मंगलदीप सयपत्री सार्वजनिक

**टुडे समाचारदाता**




काठमाण्डु । हरेक पवित्र अवसरलाई लक्षित गरी नेपालकै अग्रणी व्यवसायिक संस्था सूर्य नेपाल प्रा.लि ले आफ्नो नायाँ

उत्पादन मंगलदीप सयपत्री पूजा अगरबत्ती नेपाली बजारमा सर्वजनिक गरेको छ ।

आकर्षक प्याकेजीङ्गले सुसज्जित सयपत्री अगरबत्तीको हरेक प्याकमा ९ इन्चका ४० वटा काँटीहरू रहेका छन्।

कम्पनीले सयपत्री अगरबत्तीको प्रत्येक प्याकको बिक्री मूल्य रु. ५० कायम गरेको छ।

यस अगरबत्तीमा सयपत्री फूलको सुगन्ध भएकोले हरेक शुभ कार्यका निम्ती उपयुक्त हुनुका साथै पूजाको पावन अनुभव पनि प्राप्त गर्नसकिने छ ।

यस अगरबत्तीले उत्कृष्ट गुणस्तरीयता कायम राखी मंगलदीप ब्राण्डको छवि र ब्राण्डप्रति

उपभोक्ताको लगावलाई सुदृढ बनाउने विश्वास कम्पनीले लिएको छ ।

दैनिक पूजामा प्रयोग हुने सयपत्री फूलको सुवासले अगरबत्ती सुसज्जित रहेको छ । कलात्मक कौशलले

बनाइएको, सयपत्री अगरबत्तीको प्याकेजीङ्ग उच्चस्तरीय रहेको छ ।

यस अगरबत्तीको प्रिमियम सुगन्धले पवित्रता र दिव्य भावको प्रतिनिधित्व गरी हरेक दिन भक्तहरूलाई निरन्तर प्रेरित गनेछ, साथै पुष्पको सुवासले आशिष प्रदान गर्दै आनन्दित तुल्याउनेछ।


यस नायाँ ब्राण्डले, प्रिमियम अगरबत्ती खोज्नुहुने सम्पूर्ण ग्राहक महानुभावहरूको मन जित्ने विश्वास कम्पनीले वलएको छ ।

मंगलदीप पूजा अगरबत्ती अन्तर्गत चम्पा, सुपर चम्पा, जस्मिन, चम्पा चमेली, चन्दन, लेवेन्डर,

अपर्ण, त्रेया, पुष्पाञ्जली, त्रिसारालगायतका विभिन्न ब्राण्डहरु बजारमा सर्वत्र उपलब्ध छन्।

# सौराहाको जंगल सफारी लजको 'स्टे वान नाइट, गेट नेक्स्ट नाइट' अफर

**टुडे समाचारदाता**




काठमाण्डु । सौराहामा रहेको जंगल सफारी लजले 'स्टे वान नाइट, गेट नेक्स्ट नाइट' अफर ल्याएको छ। होटलका सञ्चालक सुमन घिमिरेले 'पे नाउ, गो लेटर' कार्यक्रमअन्तर्गत उक्त अफर ल्याएको जानकारी दिए।

यो अफर होटलका कोठाहरूमा लागू हुनेछ। सञ्चालक घिमिरेले साउन महिनाभित्र एक रातका लागि कोठा बुकिङ गर्नेले भदौ र असोज महिनाभित्र लगातार दुई रात बस्ने सुविधा प्राप्त गर्ने बताए। 'कसैलाई भदौ र असोज महिनामा दुई रातका लागि कोठा चाहिएको छ भने साउनमा पैसा तिरेर बुक गर्दा एक रातका लागिमात्रै कोठाको पैसा तिरे पुग्छ,' घिमिरेले भने, 'आउनुअघि मिति कन्फर्म गरेपछि उहाँहरूले त्यो सुविधा पाउनुहुन्छ।'

एक जनाका लागि ३ हजार, दुई जनाका लागि ३ हजार ५००, तीन जनाका लागि ४ हजार र २ वयस्क, दुई बालबालिकाका लागि ५ हजार ५०० र पाँच जना वयस्कका लागि ७ हजार रुपैयाँको प्याकेज ल्याएको घिमिरेले बताए।

# थप बिजुली लैजान किन आनाकानी गर्दै भारत

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालले भारतलाई मध्यकालीन विद्युत व्यापारका लागि प्रस्ताव गरेको लामो समय भयो। मध्यकालीन विद्युत व्यापारका लागि नेपालले गत फेब्रुअरी १५ मै प्रस्ताव गरेको थियो । नेपालले भारतको एनटिपिसी विद्युत व्यापार निगम (एनभिभिएन) लाई विभिन्न पाँच जलविद्युत आयोजनाको विद्युत बिक्रीका लागि प्रस्ताव गरेको थियो। मध्यकालीन विद्युत व्यापार सम्झौता (पिपिए) गरेर थप ३०० मेगावाट बिजुली भारत निर्यात गर्ने योजना छ।

यो सम्झौतापछि भारतले पाँच वर्षसम्म थप ३०० मेगावाट बिजुली लैजान्छ। भारतले यो बिजुली हरियाणा राज्यमा लैजाने उल्लेख गरिएको छ। जसअन्तर्गत यसअघि सोलुखोला (दूधकोशी) ८३.४२ मेगावाट, सुपरमादी ४२.६८ मेगावाट, मिस्त्री खोला ४०.७४ मेगावाट, दोर्दी खोला २६.१९ मेगावाट र माथिल्लो चाकु ए २१.५३४ मेगावाट गरी कुल २१४.५६ मेगावाट आयोजनाको विद्युत निर्यातका लागि नेपालले प्रस्ताव गरेको थियो। तर यो प्रस्ताव भारतले अस्वीकार गऱ्यो।

त्यसपछि नेपालले फेरि जलविद्युत आयोजनाको सूची पठायो। उक्त सूचीमा साहस ऊर्जा लिमिटेडले निर्माण गरेको ८६ मेगावाटको सोलुखोला (दूधकोशी), माउन्टेन एनर्जीको ४०.७४ मेगावाटको मिस्त्रीखोला, बलेफी हाइड्रोपावरको अपर बलेफी 'ए' को ३४.९२ मेगावाट, नुम्बुर हाइड्रोपावर लिमिटेडले प्रवर्द्धन गरेको लिखु खोला 'ए' को २८.१७ मेगावाट र शिवश्री हाइड्रोपावरले प्रवर्द्धन गरेको चाकु 'ए' को १२.७५ मेगावाट गरी कुल २०२.५८ मेगावाट बिजुली बिक्रीका लागि नेपालले प्रस्ताव गरेको थियो।

यी प्रस्ताव गरिएका आयोजनामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को पछिल्लो भारत भ्रमणका क्रममा मध्यकालीन विद्युत खरिद बिक्री सम्झौता (पिपिए) गर्ने कार्यक्रम थियो। तर भारतीय पक्षले तयारी पूरा नभएको भनेर पिपिए हुन सकेन। प्रस्ताव गरिएको चार महिनापछि बल्ल जुन २६ मा भारतको विद्युत व्यापार कम्पनी (पिटिसी) र नेपाल विद्युत प्राधिकरणबीच पिपिए भएको छ। भारतले स्वीकृति दिए १३२ केभी प्रसारण लाइन कटैया कुशहा परवानीपुर प्रसारण लाइनमार्फत् उक्त बिजुली भारतमा बिक्री गरिने प्राधिकरणले जनाएको छ।



भारतीय अनलाइन मिन्ट मार्फत् भारतको विद्युत कम्पनी पिटिसी इन्डिया लिमिटेडका अध्यक्ष एवं म्यानेजिङ डाइरेक्टर (सिएमडी) राजीवकुमार मिश्राले नेपालबाट थप ३०० मेगावाट बिजुली लैजाने गरी पिपिए भएको बताएका छन्। पिपिए भए पनि भारतले नेपालबाट बिजुली खरिद गरिहाल्ने अवस्था छैन। पिपिए भइसकेका आयोजनाबाट बिजुली लैजान भारतले स्वीकृति दिनुपर्छ। त्यहाँको केन्द्रीय विद्युत प्राधिकरणले अनुमति दिएपछि मात्रै मध्यकालीन विद्युत व्यापार योजनाअनुसार बिजुली निर्यात हुन्छ।

> भारतीय अनलाइन मिन्ट मार्फत् भारतको विद्युत कम्पनी पिटिसी इन्डिया लिमिटेडका अध्यक्ष एवं म्यानेजिङ डाइरेक्टर (सिएमडी) राजीवकुमार मिश्राले नेपालबाट थप ३०० मेगावाट बिजुली लैजाने गरी पिपिए भएको बताएका छन्। पिपिए भए पनि भारतले नेपालबाट बिजुली खरिद गरिहाल्ने अवस्था छैन। पिपिए भइसकेका आयोजनाबाट बिजुली लैजान भारतले स्वीकृति दिनुपर्छ। त्यहाँको केन्द्रीय विद्युत प्राधिकरणले अनुमति दिएपछि मात्रै मध्यकालीन विद्युत व्यापार योजनाअनुसार बिजुली निर्यात हुन्छ।

तर भारतले विभिन्न अड्को थापेर बिजुली लैजान आनाकानी गर्दै आएको विद्युत प्राधिकरण स्रोत बताउँछ।

'भारतलाई बिजुली चाहिएको पनि छ। तर हाम्रो बिजुली लैजान अड्को थापिरहेको छ। पहिले आयोजनामा लगानीकर्ताको विवरण पठाए पुग्थ्यो,' स्रोतले भन्यो, 'अहिले कसको लगानी छ, कति लगानी छ, कहाँकहाँबाट ऋण लिइएको छ, स्वदेशी बैंकले लगानी गरेको छ कि विदेशी भनेर भएजति सबै विवरण माग गरेको छ। झन्झट थप्ने र दुःख दिने काम गरेको छ।'

माग गरेका सबै विवरण बुझाइसक्दा पनि भारतले स्वीकृति दिन अड्काइरहनु दुखद विषय हो। 'हाम्रो बिजुली खेर गइरहेको छ। जसरी पनि बिजुली बेच्नु छ। त्यसले गर्दा हामीले मागेको जति सबै विवरण बुझाइसकेका छौं तर निर्यात गर्न स्वीकृति नै दिँदैन,' स्रोतले भन्यो। सबै विवरण दिइसकेपछि पनि स्वीकृति दिन ढिलाइ गर्नुले भारतको व्यवहारप्रति आशंका गर्ने ठाउँ बढेको छ। भारतीय बजारमा नेपालको जलविद्युत बिक्रीको विषय थप पेचिलो बनेको छ।

'भारतले नेपालको राम्रो सोच्न सकेको छैन। यहाँ बिजुली खेर गएको उसलाई रमिता भएको छ,' प्राधिकरणका एक अधिकारीले भने। वर्षायाममा नेपालमा ठूलो परिमाणमा बिजुली खेर गइरहेको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था 'इप्पान' का महासचिव प्रकाश दुलालका अनुसार यो वर्षायाममा एक खर्ब लगानीको ५०० मेगावाट बिजुली खेर गइरहेको छ।

भारतले बिजुली नकिनिदिँदा कयौं आयोजनाहरूले क्षमताअनुसार बिजुली उत्पादन गर्न पाएका छैनन्। वर्षायाममा सरकारले आयोजनाहरूलाई बिजुली उत्पादन बन्द गरेर पानी खोलामा छाडिदिन आग्रह गर्नुपरेको अवस्था छ। अहिले नेपालले पटक-पटक गरेर भारतीय बजारमा ४५२ मेगावाट बिजुली भारतीय 'डे-अहेड' बजारमा बिक्री गर्ने अनुमति पाएको छ। थप बिजुली लैजान भने भारतले आनाकानी गरिरहेको हो।

प्रधानमन्त्री प्रचण्डको पछिल्लो भारत भ्रमणका क्रममा भने भारतले नेपालबाट १० वर्षमा १० हजार मेगावाट बिजुली लैजाने गरी दीर्घकालीन विद्युत व्यापार सम्बन्धी प्रारम्भिक सम्झौता भएको उद्घोष भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गरेका छन्। यो सम्झौताले पनि अन्तिम रूप पाउन सकेको छैन। प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण क्रममा (जुन २) नेपाल र भारतबीच प्रारम्भिक सम्झौता भएको थियो। उक्त सम्झौतालाई मूर्त रूप दिन जुन १८ मा ऊर्जा सचिव दिनेशकुमार घिमिरे भारत जाने र त्यही बेला सो सम्झौता पत्रमा हस्ताक्षर गरिने कार्यक्रम थियो। कार्यक्रमका लागि सचिव घिमिरे भारत गए तर हस्ताक्षर नगरी फर्किसकेका छन्। त्यहाँको मन्त्रिपरिषदबाट उक्त सम्झौता स्वीकृत नहुँदा अझसम्म पनि यो सम्झौताले अन्तिम रूप नपाएको हो।

अहिले यो उद्घोषमाथि अधिकांशले अविश्वास व्यक्त गरिरहेका छन्। केही दिनअघि काठमाडौंमा समुन्नत नेपाल गुठीले राखेको 'नेपाल भारत जलविद्युत विकास र व्यापार विषयक' नीति संवादमा पनि सरोकारवालाहरूले यसमाथि प्रश्न उठाएका थिए। उक्त कार्यक्रममार्फत् अधिकांशले नेपालले दस वर्षमा बिजुली बिक्री गर्न लागेको हो वा १० हजार मेगावाट बराबरका आयोजनाहरू भारतलाई सुम्पिन लागेको हो भनेर प्रश्न उठाएका थिए। कार्यक्रम मार्फत पूर्वसचिव एवं अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले पनि यो प्रश्न उठाए। भारतले नेपालको खेर जाने बिजुली किनेर सहयोग गर्ने भन्दा पनि नेपालका जलविद्युत आयोजना आफ्नो कब्जामा पारेर फाइदा उठाउने रणनैतिक दृष्टिकोण राखेको आरोप उनको छ।

हाल भारतले अरूण ३, अरूण ४, अपर कर्णाली, पश्चिम सेती, फुकोट कर्णाली, र तल्लो अरूण निर्माणको जिम्मा पाएको छ। हुन त भारतले नेपालका जलविद्युतमा तेस्रो मुलुकको लगानीमा वक्रदृष्टि राख्दै आएको छ। नेपालको आफ्नै लगानीमा निर्माण भएको माथिल्लो तामाकोशी जलविद्युत आयोजनामा चिनियाँ ठेकेदार संलग्न हुँदा मात्रै पनि यो आयोजनाको विद्युत बिक्रीका लागि भारतले स्वीकृति दिएको छैन। 'आयोजना सबै लगानी विवरण माग गर्नुले पनि भारतको नियतमाथि थप संशय जन्माएको छ,' स्रोतले भन्यो, 'आफ्नो लगानीका आयोजनाको बिजुली मात्रै लैजान्छु भन्न खोजेको हो कि!'

# महानगरपालिकाद्वारा अतिक्रमण गरी बनाइएको संरचनामाथि डोजर



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले मुख्य नाला अतिक्रमण गरी बनाइएका भौतिक संरचनामाथि बुधबार पनि डोजर चलाएको छ।

महानगरले बुधबार साँझ क्लासिक होटल र कर्पोरेट बैंक रहेको भवनमाथि डोजर चलाएको छ।

वीरगञ्ज शहरको मुख्य नाला अतिक्रमण गरी सञ्चालनमा रहेको क्लासिक होटल मंलगबारदेखि हटाउन सुरु गरिएको र बुधबारबाट कर्पोरेट बैंक रहेको भवन पनि हटाउन थालिएको महानगरले जनाएको छ।

मुलुकी देवानीसंहिता २०७४ को दफा ३०० को उपदफा १ को (क) बमोजिम परापूर्वकालदेखि रहेको घर जग्गा, ढल वा बाटो सार्वजनिक सम्पत्ति मानिने व्यवस्था बमोजिम मुख्य नाला माथि बनेको संरचना हटाउन डोजर लगाइएको महानगरले जनाएको छ।

पटक-पटक सूचना दिँदा पनि अटेर गरी अवैध रुपमा निर्माण गरिएको संरचना नहटाएकाले बाध्य भएर सार्वजनिक नालामाथिका संरचना हटाउन डोजर लगाउनु परेको मेयर राजेशमान सिंहले बताए।

महानगरले अहिले मुख्य नाला सफाइलाई तीव्रता दिएको छ। जिल्ला हुलाक कार्यालयदेखि मुख्य नाला सफाइ गर्दै आएको महानगरले नाला अतिक्रमण गरेर निर्माण गरिएका संरचना हटाउँदै सफाइलाई निरन्तरता दिँदै आएको छ।

४० फिट चौडाइको मुख्य नालामाथि बनेको संरचनाका कारण वर्षातको पानी बग्न नसकी पूरा महानगर नै डुबानमा पर्न जाँदा ठूलो क्षति भोग्दै आउनु परेपछि महानगरले ती सबै अतिक्रमित संरचना हटाउन अभियान नै चलाएको उनले बताए । यसअघि मुख्य नालामा पर्ने एक दर्जन भौतिक संरचना हटाइ सकेको महानगरले जनाएको छ।

अवैध संरचना खाली गराउन महानगरबाट गठित सार्वजनिक संरचना अतिक्रमण नियन्त्रण समितिका संयोजक एवम् वडा नम्बर ५ का वडाध्यक्ष प्रदीप चौरसियाको नेतृत्वमा टोली परिचालन भएको छ । टोलीमा नगर प्रहरीका साथै नेपाल प्रहरी, ससस्त्र प्रहरी तैनाथ रहेको छ।

अतिक्रमित भवन हटाउने क्रममा हुन सक्ने सम्भावित दुर्घटनालाई मध्यनजर गर्दै बारुण यन्त्र, एम्बुलेन्स, विद्युतलगायतको टोलीसमेतसंगै तैनाथ गरिएको महानगरले जनाएको छ।

## नर्सिङ कलेजको सम्बन्धन

**टुडे समाचारदाता**

बर्दिबास । महोत्तरीमा नै पहिलोपटक नर्सिङ कलेजको सम्बन्धन प्राप्त भएको छ ।

सिटिइभिटीबाट मान्यता प्राप्त उक्त कलेज संचालनको जिम्मेवारी शुभ स्वस्तिक टेक्निकल इष्टिच्युटले पाएको छ।

जिल्लाको बर्दिबास नगरपालिकामा संचालित उक्त इष्टिच्युटले प्रमाणपत्र तहको ३ बर्षे नर्सिङ अध्यापन गराउने उक्त कलेजका संचालक दीपक कार्कीले जानकारी दिए।

जिल्लाका झण्डै २ हजार भन्दा बढी किशोरीहरु नर्सिङ अध्यणको लागी बाहिर गइरहेको बेला यो कलेजले केही हदसम्म भए पनि राहत प्रदान गरेको स्थानीयहरुको बुझाइ छ।

प्रारम्भिक चरणमा कलेजले ४० जनाको सिट मात्र निर्धारण गरेको छ। यसमध्य ४ जनालाइ छात्रवृत्तिको समेत व्यवस्था गरिएको छ।

एकजनाले नर्सिङ पूरा गर्न सिटिइभिटीले निर्धारण गरेको रकम ६ लाख २५ हजार तिर्नुपर्ने कलेज व्यवस्थापनले जनाएको छ।

# अधिकार नदिएकोमा कांग्रेस प्रदेश सभापति यादव आक्रोशित



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकमा कांग्रेस सभापति कृष्ण यादवले प्रदेशलाई अधिकार नदिएकोमा आक्रोस पोखेका छन्।

बुधबारको केन्द्रीय समिति बैठकमा प्रदेश सभापतिहरूले धारणा राख्ने क्रममा उनले आक्रोस पोखेका छन्। उनले प्रदेश बलियो बनाउन पार्टी केन्द्रले भूमिका नखेलेको आरोप लगाए।

महामन्त्री गगन थापाले ल्याएको वार्षिक कार्यक्रमको कार्यतालिकामा प्रदेशलाई भूमिकाविहीन बनाउन खोजिएकोमा उनले आपत्ति जनाएका छन्।

मधेश प्रदेशका सभापति यादवले अनलाइन प्रणालीबाट सदस्यता दिँदा मधेशमा समस्या देखिने बताए।

'जबजब मधेशमा कांग्रेस बलियो हुन्छ अनि सत्तामा कांग्रेस जान पाउँछ,' उनले भने, 'चुनावमा कांग्रेसलाई गठबन्धन गरेर कम सिट दिइयो । बजेट पनि कम दिइएको छ। मधेशप्रति कांग्रेस किन उदासीन छ?'

उनले तरूण दल र महिला संघ विस्तार गर्दा केन्द्रले जिल्ला र प्रदेशसँग समन्वय नगरेको बताए। 'रूखमा भोट नहाल्ने, मेराविरूद्ध लागेका व्यक्तिलाई कसले तरूण दल र महिला संघ सदस्य बनायो?,' उनले प्रश्न गरे, 'गणेश प्रवृत्ति भएका र रूखमा भोट नहाल्नेलाई जिम्मेवारी दिने? काम गर्नेलाई भूमिका नदिने, काम नगर्नेलाई पद दिने?'

'प्रदेशलाई किन भूमिका दिइएन?जगैदेखि संगठन बलियो बनाए पो पार्टी बलियो बन्दै जान्छ,' उनले भने, 'नेतालाई मन पऱ्यो भन्दैमा पद दिइहाल्ने? जिल्ला र प्रदेशसँग समन्वय गर्नु पनि नपर्ने!'

शक्तिमा भएका नेताको निर्वाचन क्षेत्रमा बजेट बढी जाने प्रवृत्ति रोक्नुपर्ने उनको भनाइ छ। 'सबै निर्वाचन क्षेत्रलाई समान दृष्टिले हेर्नुपर्ने हो। पावर भएका नेताका क्षेत्रमा बढी बजेट जाने, त्यो क्षेत्रका मानिसले नियुक्ति पनि पाउने भएपछि अरू क्षेत्रमा कसरी संगठन विस्तार गर्ने हो?,' उनले प्रश्न गरे।

पार्टीले प्रदेशलाई दिनुपर्ने लेबी समयमै नदिँदा कार्यालय व्यवस्थापनलगायत काम गर्न नसकेको पनि उनको भनाइ छ। 'प्रदेश सांसदको लेबी प्रदेशमै रहने र क्रियाशीलको लेबी पनि केन्द्रले प्रदेशको खातामा राखिदिने सहमति भएको थियो तर कार्यान्वयन भएन,' उनले भने।

'प्रदेशलाई उपेक्षाभावले राखिएको छ। केन्द्रीय सभापतिपछि प्रदेश सभापतिको दायित्व हुन्छ । प्रदेशलाई संस्थागत बनाएर लैजाने भूमिका केन्द्रकै हो,' उनले भने, 'केन्द्रले सिधै जिल्लासँग कुरा गर्ने होइन, प्रदेशको समन्वयमा गर्ने गर्नुपर्छ। प्रदेशलाई भूमिकाविहीन बनाउँदा संगठन कमजोर हुन्छ।'

जिल्ला सभापति भेला गर्दा प्रदेश सभापतिलाई कुनै जानकारी नदिइएको दुखेसो उनको थियो । 'जिल्ला सभापतिलाई केन्द्रीय कार्यालयमा बोलाइयो, बैठक पनि भयो। तर प्रदेश सभापतिलाई कुनै जानकारी छैन,' उनले भने, 'केन्द्रबाट शासन गर्नुभन्दा प्रजातन्त्रमा सबै अंगलाई बलियो बनाउने तिर ध्यान दिनुपर्छ।'

उनले प्रदेश सभापतिहरूलाई आमन्त्रित केन्द्रीय सदस्यका हैसियतमा बैठकमा बोलाइएकोमा पनि असन्तुष्टि जनाए। 'प्रदेश सभापति आमन्त्रित रूपमा मात्रै बैठकमा आइरहने हो भने यसले राम्रो सन्देश जाँदैन,' उनले भने, 'विधानमै व्यवस्था गरेर प्रदेश सभापतिलाई केन्द्रीय समितिमा भाग लिने व्यवस्था गर्नुपर्छ। प्रदेश कमजोर बनाउँदा सिंगै पार्टी कमजोर हुन्छ।'

# मिटरब्याजी भन्दै कुटपिट

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाधाम नगरपालिकाका एक जनालाई मिटरब्याजी भन्दै कुटपिट गरिएको छ।



सो नगरपालिकाको कजराका शिवजी यादवलाई कुटपिट गरिएको बताइएको छ।

जनकपुरधाममा आयोजित पत्रकारसम्मेलनमा राकेश साह नेतृत्वका चार जना व्यक्तिले आफूलाई कुटपिट गरेको आरोप लगाएका छन्।

बुधबार बिहान धनुषाधामबाट जनकपुरधाम आउने क्रममा शिसमपुर चोकमा साहको नेतृत्वमा नागेश्वर साह, राजेश साह र समोद साहसहितका व्यक्तिले आफूलाई कुटपिट गरेको बताए।

यादवले साहसहितका व्यक्तिले आफूलाई गाडीबाट झारेर हेलमेट र लातीमुक्का कुटपिट गर्दै आफूसँग रहेका ९५ हजार रुपैयाँ र मोबाइलसमेत लुटेर इलाका प्रहरी कार्यालयको जिम्मा लगाएको आरोप लगाए।

उनले भने आफूलाई के कति कारण कुटेको थाहा थिएन। पछि प्रहरीले ईलाका प्रहरी कार्यालयमा लग्दा आफूमाथि मिटरब्जायी आरोपको मुद्दा परेको थाहा पाए।

यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी काशीराज दाहाललाई प्रश्न गर्दा छलफलका लागि बोलाइएको बताए।

आफू घण्टौ जिल्ला प्रशासन कार्यालयमा बसे पनि आरोप लगाउने पक्ष नआएपछि त्यहाँबाट छाडेको उनले बताए।

त्यस्तै, आफूमाथि मिटरब्याजीको उजुरी दिने राकेशबीच कुनै प्रकार लेनदेन नभएको यादवले पत्रकार सम्मेलनमा जानकारी दिए।

# बजारको अवस्था सामान्य

**टुडे समाचारदाता**

मलंगवा । बुधबार दिनभर तनावग्रस्त बनेको सर्लाहीको गोडैता बजारको अवस्था सामान्य भएको छ।

सोमबार मेलामा गएराति गीत बजाएको विषयमा



दुई समुदायबीच विवाद बढेर असहज स्थिति सिर्जना भएको थियो । गीत बजाएको विषयमा चर्किएको विवादले मध्यान्हपख बजार क्षेत्र अशान्त बनेको छ ।

अप्रिय घटना हुन नदिन दिनभर ठूलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरियो।

गोडैताका मेयर देवेन्द्र यादवले प्रशासनसँग समन्वय गरी विवादित पक्षलाई सम्झाइबुझाइ गरेर स्थिति सामान्य पारिएको बताए । गोडैता बजारमा दिउँसो टायर बालेर प्रदर्शन समेत भएको छ।

मेयर यादवका अनुसार आगामी आइतबार जिल्ला प्रहरी कार्यालय मलंगवामा छलफल गर्ने गरी स्थिति सामान्य पारिएको छ।

# ट्राफिक राजस्वमा ६८ प्रतिशतले वृद्धि



**टुडे समाचारदाता**

गरुडा । रौतहटमा ट्राफिक राजस्वमा ६८ प्रतिशतले वृद्धि भएको छ।

गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षको तुलनामा ६८ प्रतिशतले ट्राफिक राजस्व वृद्धि भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले जनाएको छ।

आर्थिक वर्ष ०७९/०८० मा नियम विपरीत सञ्चालित सवारी साधनलाई गरिएको कारबाहीबाट तीन करोड १० लाख ४ हजार रुपैयाँ राजस्व संकलन भएको छ । यो राजस्व आर्थिक वर्ष ०७८/०७९ को तुलनामा १ करोड २२ लाख बढी छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार ट्राफिक नियम विपरीत चलेका कुल ३८ हजार पाँच सय ८२ सवारी साधनलाई गत आर्थिक वर्ष कारबाही गरिएको छ।

गत आर्थिक वर्ष सवारी दुर्घटनामा झन्डै १० प्रतिशत, घाइतेमा साढे १० प्रतिशत र दुर्घटनामा मृत्यु हुनेमा ३० प्रतिशतले कमी भएको जिल्ला ट्राफिक कार्यालय रौतहटले जनाएको छ।

आर्थिक वर्ष ०७९/०८० मा जिल्लाभरि ६४५ दुर्घटनामा परेर एक हजार ४७ जना मानिस घाइते भएका थिए भने ५० जनाको मृत्यु भएको जनाइएको छ।

जबकि अघिल्लो आर्थिक वर्षमा जिल्लाभरि कुल ७१३ सवारी दुर्घटनामा परेर ११ सय ७१ जना घाइते र ७२ जनाको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटको तथ्यांकमा उल्लेख छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख विमला कुमारी कठायतका अनुसार गएको आर्थिक वर्षमा सबैभन्दा बढी मोटरसाइकल कारबाहीमा परेका छन्।

# छात्रवृत्तिको नाममा ठगी गर्ने सञ्चालक पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाको नाम लिएर छात्रवृत्ति दिलाइ दिने भन्दै ठगी गर्ने एक जनालाई महानगरका मेयर राजेशमान सिंहले नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका छन्।



वीरगञ्ज महानगरपालिकाको वडा नं. ५ स्थित सञ्चालित मोदी इन्स्टिच्युट एंड ट्रेनिङ्ग सेन्टरका सञ्चालक राहुल मोदीलाई मेयर सिंहले नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका छन्।

मोदीले महानगरपालिकाको सिफारिसमा छात्रवृत्ति दिलाइदिने भन्दै विद्यार्थीहरुलाई ठगेको गुनासो आएपछि मेयर सिंहले उनलाई आफ्नो कार्यकक्षमा झिकाएर सोधपुछ गरी थप कानुनी कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाएका छन्।

इन्स्टीच्युटका सञ्चालक मोदीले एसईई उत्तीर्ण गरेका विद्यार्थीहरुको लागि वीरगञ्ज महानगरपालिकाले कक्षा ११ र १२ मा अध्ययनका लागि उपलब्ध गराउँदै आएको छात्रवृत्तिको परीक्षामा पास गराइदिने प्रलोभन दिएर विद्यार्थीहरुबाट झण्डै एक लाख रुपैयाँ माग्दै गरेको गुनासो आएको थियो।

छात्रवृत्तिका लागि महानगरको शैक्षिक महाशाखालाई ५० हजार, विद्यार्थीले रोजेको विद्यालयलाई ३० हजार र आफूले २० हजार लिने गरी प्रत्येक विद्यार्थीहरुसँग एक/एक लाख रुपैयाँ माग्ने गरेको अडियो रेकर्ड सार्वजनिक भएको थियो।

त्यसपछि वीरगञ्ज महागरका मेयर सिंहले मोदीलाई आफ्नो कार्यालयमा झिकाइ सोधपुछ गरी आवश्यक कानुनी कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय पर्सामा पठाएको मेयर सिंहको सचिवालयले जनाएको छ।

यसैबीच, इन्स्टिच्युटलाई वीरगंज महानगरपालिकाले सिल गरेको छ। इन्स्टिच्युटले आवश्यक सम्पूर्ण अनुमतिहरू नलिएको पाएपछि सिल गरिएको वीरगञ्ज महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखाका प्रमुख अरविन्द लाल कर्णले जानकारी दिए।

इ ि न स ट च य ु ट क ा सञ्चालक राहुलकुमार मोदीले महानगरपालिकाले लिने छात्रवृत्ति परीक्षामा पास गराइदिन्छु भन्दै विद्यार्थीहरूसँग पैसा मागेको खुलेपछि उनलाई झिकाएर वीरगंजका मेयर सिंहले केरकार गरेका थिए।

केरकार गर्ने क्रममा उनीसँग इन्स्टिच्युट सञ्चालन गर्न आवश्यक कागजातसमेत नरहेको पाएपछि सिल गरिएको शैक्षिक प्रशासन महाशाखाका प्रमुख कर्णले बताए।

# उत्खनन गर्ने सवारी नियन्त्रण

**टुडे समाचारदाता**

जनकपुरधाम । मापदण्ड विपरीत खोलामा उत्खनन गर्ने सवारी साधन प्रहरीले नियन्त्रणमा लिएको छ।

बुधबार मिथिला नगरपालिका १० रातु खोलाबाट अवैध रुपमा उत्खनन गर्ने पाँच वटा सवारी प्रहरीले नियन्त्रणमा लिएको छ।

इलका प्रहरी कार्यालय ढल्केवर, प्रहरी चौकी लालगढ र जिल्ला प्रहरी कार्यालय धनुषाबाट संयुक्त रुपमा खटेको प्रहरी टोलीले पाँच वटा ट्याक्टर नियन्त्रणमा लिएको धनुषाका प्रहरी नायव उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमले जानकारी दिए।

उनका अनुसार यी सवारीका चालकहरुले जथाभावी खोलामा उत्खनन गरेका छन्। सोही कारण यी सवारीहरुलाई नियन्त्रणमा लिइएको छ । र, स्थानीय तह वा जिल्ला विकास समनव्य समितिमा पठाइने तयारी भइरहेको उनले बताए।

जरिवाना लिएर छोडिने छन् । अर्को दिनदेखि यी सवारी मापदण्ड विपरीत खोला उत्खननमा प्रयोग नगर्ने सवारी धनीसँग प्रहरीले सर्त पनि गराउने उनले बताए।



प्रहरीले प्र २-०२-००१ त ०२१२, प्र २-०२-००१ त ७१३, ज १ त ८५७८, ज २ त ४१९ र ना ५ त ८६९२ नियन्त्रणमा लिएको छ । यसअघि प्रहरीले गत असार ३० गते पनि ६ वटा ट्याक्टर क्षीरेश्वरनाथ नगरपालिका ७ औरही खोलाबाट नियन्त्रण लिएका थिए।

## डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्यौंरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टंयाकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८